# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

मानव समाजको विकाससँगै मानवले विभिन्न कालखण्डमा धेरै संघर्ष गर्दै आएको पाइन्छ । मानव जातिले आफ्ना इच्छा आकांक्षा र आवश्यकता परिपूर्ति गर्ने क्रममा विभिन्न खालका व्यवसाय गर्दै आएको पाइन्छ । स्रोत साधनको उपलब्धता, उपयोगको क्षमता आदिको आधारमा ठाउँ अनुसार फलफूल व्यवसायको विकासक्रम फरक फरक ढंगले भएको पाइन्छ ।

महिला जागरण तथा विकास केन्द्र (२०६२) का अनुसार, महिलाहरु अनुत्पादक अर्थतन्त्रमा सिमित रहेको पाइन्छ । जस्तै घरधन्दा र कृषिका कामहरु महिलाले गर्ने खेतिपाति, तरकारी व्यवसाय, फलफुल व्यवसाय जस्तो कार्यलाई आर्थिक गतिविधिको रुपमा गणना गर्ने चलनको विकास भइरहेको छैन । कृषि तथा सहकारी मन्त्रालयको २०६२ को सर्वेक्षण अनुसार कृषि कार्यको ६० प्रतिशत उत्पादन महिला श्रमबाट हुने गर्दछ । तर पनि महिलाका कामलाई आर्थिक दृष्टिकोणले अनुत्पादक मानिन्छ ।

राष्ट्रिय महिला आयोग (२०७०) का अनुसार, नेपालमा पछिल्लो संविधान तथा कानुनहरुमा केहि मात्रामा महिलाको आर्थिक हक, अधिकारहरुको उल्लेख भएतापनि आर्थिक रुपमा महिलाहरुले अझै पनि आफ्नो हकको प्रचलन गर्न पाएका छैन्न । कानुनमा समान सम्पत्तिको अधिकारको व्यवस्था भएता पनि छोरा सरह छोरीले पैतृक सम्पत्ति प्राप्त गर्न सहज छैन र भएका आर्थिक अधिकारहरुलाई पनि व्यवहारमा बदल्न अझै कठिनाइ छ । सबै कुराको मुख्य आधार भनेको आर्थिक अवस्था नै भएकाले आर्थिक पक्ष जबसम्म सुदृढ हुँदैन तबसम्म महिलाको हक, अधिकार, स्वाभिमान तथा स्वतन्त्रतालाई व्यवहारिक रुपमा जीवित राख्न सकिदैन । महिलाका संवैधानिक तथा कानुनी हक अधिकारको स्वतन्त्र र पूर्ण उपभोगका लागि पैतृक सम्पत्तिमा समान अधिकार मात्र भएर पुग्दैन, यसमा प्रत्येक महिलाको शैक्षिक अवस्थामा पनि विकास हुनु उत्तिकै जरुरी हुन्छ । त्यसैले पैतृक सम्पत्तिमा समान अधिकार सँगै महिलाको शैक्षिक तथा आर्थिक स्तरको विकास गर्दै जाने हो भने उनीहरु आफै आत्मनिर्भर हुन सक्छन् । यसले समाजमा महिलाको हैसियत आफै

बढ्दछ । घर परिवारको आर्थिक कारोबारमा महिलाको नियन्त्रण र पहुँचमा वृद्धि हुँदै गएको छ । आफ्नो आय आर्जनमा मात्र नभएर श्रीमानको आयमा समेत महिलाको नियन्त्रण र पहुँचमा वृद्धि हुँदै गएको छ । पारिवारिक आर्थिक निर्णयमा महिलाको भुमिका वृद्धि हुँदै गएकाले उनीहरुले आफ्ना छोराछोरीको पोषण, स्वास्थ तथा शिक्षामा बढि खर्च गर्न थालेका छन् । आफ्नो आम्दानीको प्रयोगको बारेमा महिलाहरु एक्लैले तथा श्रीमानसँग मिलेर निर्णय लिन थालेका छन् । आर्थिक शक्ति महिलामा केन्द्रित हुँदै गएकाले अधिकांश वस्तु उनीहरुले नै खरिद गर्ने र परिवारका सदस्यका लागि आवश्यक पर्ने वस्तुहरुको क्रय निर्णयलाई महिलाले निर्णायक प्रभाव पार्ने भएकाले अधिकांश क्रयमा उनीहरु कै महत्वपुर्ण भूमिका रहन थालेको देखिन्छ ।

पौड्याल (२०७५) का अनुसार, परिवार, समुदाय तथा मुलुकको समग्र सामाजिक एंव आर्थिक परिवर्तनमा महिलाहरुको योगदानलाई अलग राखिएमा कुनैपनि मुलुकले पूर्ण विकास हासिल गर्न सक्दैन । विगतमा महिलाहरुले उद्यम गर्नुपर्छ वा उद्यमी हुनुपर्छ भन्ने महत्वको महशुस गरिएको थिएन । अहिले समाजमा महिलाहरु पनि आर्थिक कार्यमा सक्रिय रहेर आत्मनिर्भर हुनुपर्छ भन्ने सोच आएको छ । तर, अझै यतिले मात्र पुग्दैन । सुरु देखि नै महिला सीमित क्षेत्रमा मात्रै उद्यमीका रुपमा कार्यरत थिए । सानातिना कामहरु कृषि क्षेत्र, परिकार बनाउने जस्ता कामबाट महिला उद्यमशिलता विकास हुदै आएको छ । अहिले उद्यम तिर महिलाहरुको संख्या बढ्दै छ । वर्तमान समयमा इच्छा र आवश्यकता अनुसार क्षमता अभिवृद्धि गर्दै सिप, सुचना,प्रविधि र लगानी गर्दै आर्थिक रुपमा महिलाहरु आत्मनिर्भर बन्दै गएका छन् । महिलाहरु सहकारी मार्फत बचत ऋण लगानी गर्दै सामाजिक कार्यमा पनि धेरै नै कार्य गरिरहेका छन् । शहरी क्षेत्रमा सञ्चारमा, होटल व्यवसाय पर्यटन क्षेत्रमा धेरै नै कार्य गरिरहेको छन् । केहि महिलाहरुले व्यक्तिगत र सामुहिक रुपमा माछापालन, सामुहिक कुखुरा पालन, पशुपालन र खुद्रा व्यापार बुटिकमा राम्रो आम्दानी गरेका छन् । महिलाहरुमा प्रगतिशील सोच आइसकेको हुनाले विगतको जस्तो स्थिति रहेन र समय विस्तारै परिवर्तन हुँदै गइरहेको छ ।

प्रस्तुत अध्ययनमा महिलाले डोके फलफुल व्यवसाय संचालन गरेपछि उनीहरुको आर्थिक स्तर र पारिवारिक सम्बन्धमा आएको परिवर्तनको यर्थाथ र विश्वसनीय रुपले विभिन्न विषयलाई समेटि अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

विश्वकर्मा (२०७४) का अनुसार, काठमाण्डौं उपत्यकाका महिला टेम्पो चालक महिलाहरुको बारेमा गरेको एक समाजशास्त्रीय अध्ययन अनुसार, यस पेशा बाट महिलाहरुको आर्थिक तथा सामाजिक स्थितिमा सुधार आएको छ । महिला चालक प्रति परिवार, समाज, यात्री वर्गले गर्ने व्यवहार र हेर्ने दृष्टिकोणमा एकदमै राम्रो भएको छ । राम्रो पारिवारिक समर्थन पाएका छन् । शैक्षिक स्थिति राम्रो नभए पनि आफ्नो काम र कर्तव्य राम्रोसँग पूरा गरेका र आफ्नो सन्ततिलाई पनि राम्रो शिक्षा दिन सफल भएको पाइयो । तर धन्दामा मात्र सिमित रहने महिलाहरु बाह्य कार्यमा संलग्न भएपछि उनीहरुमा आत्मनिर्भरता बढ्नुको साथै सामाजिक आर्थिक अवस्थामा उल्लेखनिय सुधार भएको पाइन्छ ।

KC (2012) का अनुसार, श्रीमान भन्दा धेरै कमाउन सक्छु भन्ने लागेर बच्चा श्रीमानलाई हेर्न लगाएर व्यापारमा फर्किएको पाइन्छ । पैसाको लागि अरुको अगाडि हात पसार्न पर्दैन आफै सक्षम भएको पाइन्छ । आफ्नो कमाइले छोराछोरीलाई राम्रो शिक्षा दिन सक्षम भएका छन् । छोराछोरीले आमा प्रति गर्व गर्छन् र उनको परिश्रमलाई उनको परिवारको आर्थिक बल श्रेय दिन्छन् । भविष्यमा ठुलो शोरुम खोलेर आमाको व्यवसायलाई विस्तार गर्ने उनीहरुको चाहना रहेको छ । महिलाहरुले श्रीमान भन्दा धेरै कमाउछु भनेर श्रीमानलाई बालबच्चा हेर्न लगाएर आफु डोके फलफुल व्यवसाय गर्न तर्फ उन्मुख भएको पाइन्छ । छोराछोरीले पनि आमा प्रति सम्मान गरेको देखिन्छ । आर्थिक निर्णय प्रक्रियामा महिला सहभागी रहेता पनि अझै महिलाहरुलाई सांस्कृतिक तथा आर्थिक बाधाहरु रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनमा डोके फलफूल व्यवसाय पश्चात महिलाहरुले आर्जन गरेको रकम के-कस्ता कार्यमा खर्च गरेका छन् ? बचत गर्ने बानिको विकास भएको छ छैन ? व्यवसाय पश्चात पारिवारिक सम्बन्धमा कस्तो परिवर्तन ल्याएको छ ? महिलाहरुको पारिवारिक निर्णय प्रक्रियामा भूमिका कस्तो रहेको छ, जस्ता पक्षहरुलाई यो अध्ययनको समस्याको रुपमा लिई सोहि अनुसार अध्ययनका उद्देश्यहरु निर्धारण गरि अनुसन्धान कार्य अगाडि

बढाउने प्रयास गरिएको छ । निम्न पक्षहरुलाई यो अध्ययनको मुख्य सम्स्याको रुपमा लिइएको छ ।

- आर्थिक आर्जन सम्बन्धि अवस्था कस्तो छ ?
- महिलाहरुको पारिवारिक सम्बन्धका बारेमा पत्ता लगाउनु ?
- महिलाहरुका बचत, खर्च र लगानीको अवस्था कस्तो रहेको छ ?
- महिलाहरुको पारिवारिक निर्णय प्रक्रियामा भुमिका कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्यमा डोके फलफुल व्यवसाय ले महिलाको आर्थिक र पारिवारिक सम्बन्धमा पारेको प्रभाव हेरिएको छ । यसमा महिलाको आर्थिक अवस्थामा पारेको प्रभाव र व्यवसाय गर्नु अघि र पछिको जीवन स्तरमा आएको परिवर्तनको अध्ययन गरिएको छ ।

- डोके फलफुल व्यवसायले महिलाको आर्थिक स्तरमा ल्याएको परिवर्तनको बारेमा अध्ययन गर्ने ।
- डोके फलफुल व्यवसायले महिलाको पारिवारिक सम्बन्धमा ल्याएको परिवर्तनको बारेमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

पोखरा महानगरपालिका वडा नं. ९ पृथ्वीचोक क्षेत्रमा रहेको पृथ्वीचोक बजार क्षेत्र खुद्रा व्यापारी र डोके तरकारी तथा फलफूल व्यापारिको मुख्य केन्द्र बिन्दुको रुपमा रहेको छ । यहाँ व्यापार गर्ने व्यापारीहरुलाई हेर्दा डोकामा तरकारी तथा फलफूल राखी व्यापार गर्ने महिलाहरुको संख्या पनि धेरै नै रहेको पाइन्छ । यस व्यवसायमा पुरुषहरुले मात्र नभएर महिलाहरुले पनि आय-आर्जनका क्रियाकलापमा सहभागिता जनाएका छन् भन्ने देखाउनुमा यो अध्ययन सार्थक हुनेछ । प्रस्तुत अध्ययनमा डोके फलफूल व्यवसाय गर्ने महिलाको आर्थिक स्तर र पारिवारिक सम्बन्धको बिस्तृत अध्ययन गर्नको लागी महत्वपूर्ण हुनेछ । यस्तो खालको अध्ययन यस अघि नभएकोले यो अध्ययन गरिएको हो ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अध्ययन प्राज्ञिक प्रयोजनका लागि गरिएको हुँदा सिमित समय, बजेट र स्रोत साधनको प्रयोग गरिएको छ । यो अध्ययन गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिकाको वडा नं. ९ पृथ्वीचोक बजारमा व्यापार गर्ने डोके फलफुल व्यवसायी महिलाहरुको बारेमा रहेको छ । डोके फलफुल व्यवसायले महिलाहरुको आर्थिक स्तर र पारिवारिक सम्बन्धमा ल्याएको परिवर्तको बारेमा अध्ययन गरिएको छ । उल्लेखित विषयवस्तु भित्र रहेर अध्ययनको सिमा निर्धारण गरिएको छ । महिला व्यवसायीलाई छनौट गर्दा पृथ्वीचोक बजारमा व्यवसाय गर्ने २० जना महिला व्यवसायीलाई मात्र सिमित गरिएको छ । अन्य क्षेत्रमा डोके फलफूल व्यवसायी रहेता पनि पृथ्वीचोक बजारलाई डोके फलफूल व्यवसायीको केन्द्रविन्दुको रुपमा चिनिएकोले यस क्षेत्रलाई छनौट गरिएको छ । अन्यत्र रहेका डोके फलफूल व्यवसाय गर्ने महिलाको संख्या कम रहेकाले यस क्षेत्रलाई छनौट गरी तथ्याङ्क संकलन गरिएको छ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत अध्ययनलाई ६ वटा अध्ययनमा संगठित गरिएको छ । पहिलो अध्यायमा विषयको परिचय उल्लेख गरिएको छ । जस अन्तर्गत सम्बन्धित विषयको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा र अध्ययनको संगठनात्मक ढाँचालाई उल्लेख गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित विषयको साहित्य पुनरावलोकन प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान विधि समावेश गरिएको छ । यसमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, अध्ययनको नमुना छनोट विधि, तथ्यांक संकलनका लागि स्रोत र प्रकृति, प्राथमिक तथा द्धितिय तथ्यांक संकलनका विधिहरु, तथ्यांकको प्रस्तुतीकरण एवं विश्लेषण प्रस्तुत गरिएको छ ।

अध्याय चारमा डोके फलफूल व्यवसायले महिलाको आर्थिक स्तरमा ल्याएको परिवर्तन शीर्षक अन्तर्गत रहेर महिला व्यवसाको आम्दानी र बचतको अवस्था, खर्चको विवरण, आर्थिक लगानीको अवस्था र डोके फलफूल व्यवसायमा महिलाहरु संलग्न हुनाका कारणहरु बारे प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा डोके फलफूल व्यवसायी महिलाको पारिवारिक सम्बन्धको बारेमा विश्लेषण गरिएको छ । यसमा पारिवारिक सम्बन्ध, पारिवारिक दृष्टिकोण, पारिवारिक

जिम्मेवारीको अवस्था र पारिवारिक निर्णय प्रक्रियामा महिलाको भूमिकालाई प्रस्तुत गरिएको छ । अध्याय छ मा सारांश, मुख्य प्राप्ति र निष्कर्ष प्रस्तुत गरिएको छ । अन्तमा सन्दर्भ सामग्री र अन्तरवार्ता अनुसूची र केहि तस्बिरहरु समावेश गरिएको छ ।

# अध्याय : दुई

# साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक पुनरावलोकन

यो शेधपत्र तयार गर्ने क्रममा प्राथमिक स्रोतका साथै दित्तिय स्रोतहरु बाट समेट तथ्याङक संकलन गरिएको छ । विभिन्न विद्धवान तथा संघ संस्थाहरु द्वारा, विभिन्न पत्रपत्रिका एंव पुस्तकहरुमा प्रकाशित लेख रचनाको अध्ययन गरि सम्बन्धित तथ्यहरुलमई प्रष्ट गराउनु उपयुक्त हुने महशुस गरेर यस अध्यायमा विभिन्न पुस्तक, पत्रपत्रिकामा प्रकाशित लेख, रचना तथा अप्रकाशित समाजशास्त्रीय शोधसारलाई समेत उचित स्थान दिइएको छ । परिवारको मुलिको रुपमा पुरुष वर्गलाई लिइने सामाजिक परम्पराले गर्दा उत्पादन तथा व्यापार व्यवसायका विभिन्न क्षेत्रमा पुरुष वर्गको स्वामित्व रहेको हुन्छ । कतिपय भूमि तथा अन्य निर्णायक प्रक्रियामा महिला वर्गको पनि अधिकार हुनु पर्छ भन्ने मान्यता अघि सारिए पनि व्यवहारमा यो मान्यता कार्यान्वयन गर्न सकिएको छैन । महिलाहरु घरमा मात्र नभई सरकारले हेर्ने नजरमा समेत छायाँमा परिरहेका छन् ।

### २.१.१ आर्थिक सिद्धान्त

Randall (1997) का अनुसार, सामाजिक परिवर्तनका सम्बन्धमा प्रत्येक खालका परिवर्तनका कारक तत्व आर्थिक पक्ष हो । महिलाको सम्पत्तिका सम्बन्धमा पनि आर्थिक सिद्धान्तले प्रभाव पारेको हुन्छ । आर्थिक पक्षले समाजका अन्य पक्षलाई निर्धारण गर्दछ । सम्पुर्ण परिवर्तनको मुल आधार आर्थिक तत्व भएका कारण जब आर्थिक अवस्थामा परिवर्तन आउँछ तब सामाजिक एकाइ र त्यसको प्रक्रियामा पनि आउँछ ।

Duflo (2012) यादृच्छिक अर्थतन्त्रका सिमितताहरुले विश्वको बारेमा सोच्न र कथाहरु सुनाउने एक विशेष तरिकालाई जन्म दिएको छ । जुन टुक्रा-टुक्रा विश्लेषण, सिद्धान्तको तदर्थ, इतिहास प्रति उदासिनता र सन्दर्भ पद्धतिगत विशेषता हो । Duflo का

अनुसार आर्थिक विकासले महिलाको सशक्तिकरणको लागि नेतृत्व गर्न सक्ने विभिन्न मार्गहरु बढ्दो रुपमा कामका अवसरहरु, स्वास्थ्य र शिक्षाको सुधार र महिला अधिकारहरु बारे छलफल गर्दछ । त्यसपछि महिला सशक्तिकरणले परिवार र समुदायमा महिलाको प्राथमिकता र महिलाको आर्थिक अधिकारलाई शुद्धता पार्ने उत्पादकत्वको लाभलाई श्रेय दिने वृहत्तर परोपकारको माध्यमबाट महिला सशक्तिकरणले विकासको प्रगति तर्फ डोऱ्याउन सक्ने केहि तरिकाहरुमा फर्कन्छन् ।

### २.१.२ लैङ्गिक अवधारणा

अर्याल (२०६२) का अनुसार, प्राकृति लिङ्गलाई महिला र पुरुष बिचमा रहने शारिरिक विशेषताका आधारमा छुट्याइन्छ जुन निश्चित हुन्छ भने सामाजिक लिङ्ग भन्नाले समाजले महिला र पुरुषलाई दिएको भूमिकालाई जनाउँदछ । जुन समाजै पिच्छे फरकफरक र परिवर्तनशिल हुन्छ । महिला र पुरुष बिच लैङ्गिक विभेद नभइ समाजले सिर्जना गरेको भिन्नता हो । यो सामसाजिक सम्बन्धमा आधारित छ ।

भासिन (२००३) का अनुसार, लिङ्ग शब्दले महिला र पुरुषको शारिरिक भौतिक भिन्नतालाई जनाउँछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक सामाजिक र सांस्कृतिक भिन्नतालाई बुझाउँछ । हरेक समाजमा महिला र पुरुषले निभाउनु पर्ने भुमिका अलग अलग हुने गर्दछ भने लिङ्गको आधारमा महिला र पुरुषको सामाजिक सांस्कृतिक अतिरिक्त आर्थिक विशेषतालाई जानउँछ । जसरी लिङ्ग अर्न्तगत महिला र पुरुष भनि जन्मजात निर्धारण भएर आउँछ, त्यसै गरि जेन्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने सांस्कृतिक मूल्य मान्यता, भूमिका तथा विशेषताहरुको समष्टिगत रुप हो । महिला सशक्तीकरणका लागि महिलाहरु नै बढि कियाशिल, सचेत र जिम्मेवार हुनु आवश्यक छ ।

Saunlier (1996) का अनुसार, नारीवादी सिद्धान्तहरु प्रभावशाली समाज व्यवस्थाको लागि खतराको रुपमा प्रस्तुत गरिएका छन् । नारीवादी समाजका कार्यकर्ताहरुले असमानता र उत्पिडन निम्त्याउने महिलाहरुको बारेमा प्याथोलोजाइजिङ प्रवचनहरुलाई चुनौति दिने सिद्धान्तमा भरोसा गर्छन । महिलाहरुले अनुभव गरेका समस्याहरुको दायरा फराकिलो पार्दछन् ।

Johnson (2008) ले Dorothy Smith द्वारा विकास गरेको अर्को नारीवादी समाजशास्त्रीय सिद्धान्त हो भन्ने धारणा राख्छन् । त्यसैगरी यस सिद्धान्तले सामाजिक जीवन

एक विशेष सामाजिक स्थितीबाट अनुभव गरेको मानिन्छ जहाँ सामाजिक अभिनेताहरु व्यापक संरचनाहरुमा अवस्थित हुन्छन् । तसर्थ यो अध्ययन प्राय : उदारवादी नारीवादी र नारीवादी दृष्टिकोणको सिद्धान्तको संयोजनमा आधारित छ । दोहोरो सिद्धान्त छनोट गर्नुको औचित्य अनुसन्धान कर्ताको विश्वास छ कि एकल सिद्धान्त वास्तविक लिङ्ग भूमिकाहरु र काम गर्ने महिलाहरुमा यसको  प्रभाव बुझ्न प्रर्याप्त छैन । यो अध्ययनले महिलाको दृष्टिकोणको सिद्धान्तबाट लैङ्गिक भूमिका र समबन्धहरु खोजिरहेको छ ।

Lengeman & Branthey (2000) ले नारीवादी सिद्धान्तलाई नारीवादी विन्दुमा खडा गरि सिर्जना गरिएको विचारहरुको प्रणाली हो भन्ने धारणा राख्दछन् । यि महिला केन्द्रित सिद्धान्तहरु हुन् किनभने यि सिद्धान्तहरु महिला तिनीहरुको अवस्था, अनुभवमा केन्द्रित छन् । यसले महिलालाई "विषय" र "अनुसन्धानको" वस्तु मान्छ । धेरै नारीवादि सिद्धान्तहरु मध्ये उदार नारीवाद समाजमा लिङ्गको व्याख्या गर्ने एक महत्वपूर्ण सिद्धान्त हो । उदार नारीवाद सामाजिक जीवनको विभिन्न क्षेत्रहरुमा लैङ्गिक समानतामा केन्द्रित छ । यसले मान्दछ कि "अधिकांश परिस्थितीहरुमा महिलाको स्थान फरक माग होइन तर पुरुषको भन्दा कम विशेषाधिकार वा असमान पनि छ" । उदारवादि नारीवादले "सार्वजानिक र निजी क्षेत्रको सिद्धान्त अभ्यास र पितृसत्तात्मक विचारधारा" को व्याख्या गर्दछ । सामाजिक वस्तुको समान विवरण कानुनमा परिवर्तन, शैक्षिक र आर्थिक अवसरको समान वितरण, पारिवारिक जीवनको समान जिम्मेवारी, सामाजीकरणका सर्जेन्टहरुको बाटो परिवर्तन आदि लैङ्गिक समानतामुलक समाजको स्थापनामा प्रमुख उपाय हुन् भनि उनीहरुको सुझाव छ ।

Van & Bergh (1995) ले सामाजिक रुपमा निर्माण ज्ञानको महत्वलाई जोड दिन्छन् । उनले नारीवादहरुको चासोलाई ज्ञान उत्पादनको एक रुपको रुपमा चेतना उत्पादनसँग औंल्याउँछन्, जसमा महिलाहरुको जीवनका अनुभवहरु समावेश छन् । आवाज नामकरण वास्तविकता सशक्तिकरण हो । जसले सामाजिक कार्य अभ्यासकर्ताहरुको लागी उनको अन्तिम पहिचान गरिएको विचारको महत्वलाई अगाडि ल्याउँछ - "ज्ञान र शक्ति बिचको लिङ्क" । उनले समाजलाई नियन्त्रण गर्नेहरुलाई उनीहरुसँग जोडदछन् । जसले ज्ञानका कुरा स्थापित गर्न विषेशाधिकार पाएका छन् । सामाजिक कार्यकर्ताहरुले आवाज पाउनेको लागि विशेषज्ञताको पदानुक्रमले सिमान्तकृत गरिएको आवाजहरुको लागी ठाँउ बनाउनु महत्वपूर्ण छ । तेस्रो लहर नारीवादीको दाबी भनेको अधिकार र समानता भन्दा बाहिर जानु हो, यद्यापि यी विश्वव्यापी संसारमा उल्लेखनिय चुनौतिहरु छन् ।

## २.२ पूर्व साहित्यको अध्ययन

Business World (2016) ले "women as street vendors why and how ?" शिर्षकमा गरेको एक अध्ययन अनुसार, कम लागतमा आफ्नो जीविकोपार्जन गर्न आवश्यक पर्ने महिलाहरुका लागि हकिङ र भेन्डिङलाई उपयुक्त विकल्प मानिन्छ । अनौपचारिक क्षेत्रमा महिलाहरुको सहभागीता मुख्यतया समाजको कार्यशैलिमा कुनै परिवर्तन हुनुको साटो आर्थिक बाध्यताका कारण हो । राष्ट्रिय नमुना सर्वेक्षण कार्यालयको ( NSSO) अनुसार भारतको लगभग ८२ प्रतिशत कार्यबल असंगठित क्षेत्रमा कार्यरत छन् । राष्ट्रिय महिला आयोगले कुल महिला श्रमशक्तिको ९४ प्रतिशत असंगठित क्षेत्रमा रहेको उल्लेख गरेको छ । त्यसैले समाजका कमजोर वर्ग र विपन्न वर्ग बीचको सम्बन्ध हुनु स्वभाविक देखिन्छ । मुख्यतया महिला सडक विक्रेताहरुले आफ्नो सामान फुटपाथ वा सडकमा बेच्छन् ।

Awasthi ( 2021) ले " Lives vs livelihoods The story of women street vendors in Delhi " शिर्षकमा गरेको अध्ययन अनुसार, २०१८ को तथ्याङक अनुसार दिल्लीमा करिब ३ लाख सडक बिक्रेता छन् । यद्यपी दिल्लीको म्युनिसिपल कर्पेरिशनको आधिकारिक तथ्याङक १.२५ लाख बिक्रेता मात्र छन् । जसमध्ये ३० प्रतिशत महिला रहेको बताएको छ । सेन्टर फर सिभिल सोसाइटीले भर्खरै दिल्लीका २४ महिला सडक बिक्रेताहरु सँग छलफल गर्‍यो र उनीहरुलाई कोभिड-१९ ले कसरी प्रभाव पारेको छ भनि खुलासा गरेको छ । महिला सडक बिक्रेतासँगको छलफलले महामारीको दोस्रो लहर कत्तिको गम्भीर छ र यसले सबैभन्दा बढि कसलाई असर गरेको छ भनेर प्रकाश पारेको छ । लकडाउन पछि घरेलु जिम्मेवारी बढे सँगै महिला कामदारलाई कामको बोझ बढेको छ, घर भित्रै बसेका छन् । बढ्दो घरेलु हिंसा ( लकडाउनका कारण) विरुद्ध लड्नुको साथ साथै महिला सडक बिक्रेताहरु सकारबाट थोरै राहत पाएर आफ्नो जीवन र जीविकोपार्जनका लागि लडिरहेका छन् ।

माथि उल्लेखित अध्ययन अनुसार विदेश स्तरमा हेर्ने हो भने कम लागतमा महिलाहरुका लागि सडक हकिङ र भेन्डिङलाई उपयुक्त विकल्पका रुपमा लिएको छ । महिलाहरुले आर्थिक अभावका कारण पनि यो पेशा अपनाएको पाइयो । साथै सडक बिक्रेता

महिलाहरुले कोभिड -१९ को बेला लकडाउनमा घरमै बस्नु पर्ने बाध्यता र घरेलु काममा मात्र सिमित रहनु पर्ने बाध्यात्मक अवस्था महिलाहरुमा रहेको पाइयो ।

गौतम (२०६९) ले माछापुच्छ्रे गा.वि.स कास्कीमा "तरकारी उत्पादनले महिलाको आर्थिक अवस्थामा परेको प्रभाव" शिर्षकमा गरेको एक समाजशास्त्रीय अध्ययन अनुसार, महिलाहरु समय-समयमा तालिममा जाने हुदाँ उनिहरुको चेतनामा विकास भएको पाइन्छ । तरकारी उत्पादनका क्रममा विभिन्न समस्याहरु देखिन्छन् । स्वयं महिलाहरु नै एकआपसमा छलफल गरी समस्याहरु आफै समाधान गर्ने गर्छन् । मानिसको हरेक पक्षमा परिवर्तन ल्याउने माध्यम भनेको आर्थिक पक्ष हो । तरकारी उत्पनदनले आर्थिक पक्षमा सुधार गरेको पाइन्छ । आर्थिक पक्षमा आएको सुधारले सामाजिक लगायत सम्पूर्ण क्षेत्रमा सुधार देखिन्छ । उनीहरु तरकारी उत्पादन बाट आएको आम्दानी आफ्नो खर्च चलाएर समुह र सहकारीमा बचत गरेका छन् । यसले गर्दा महिलाको जीवनस्तरमा नै परिवर्तन आएको छ ।

तरकारी उत्पादनमा संलग्न महिलाहरुले तरकारी उत्पादन र बिक्रि वितरण गर्नु पूर्व पुरुषसँग घरायसि खर्चका लागि हात थाप्नु पर्ने बाध्यता थियो भने तरकारी उत्पादन र विक्रिवितरण गरे पश्चात महिलाहरु आत्मनिर्भर भएका छन्, आर्थिक पक्षमा सुधार, आफ्नो आम्दानी बाट खर्च चलाएर समुह र सहकारीमा बचत गर्ने बानीको पनि विकास भएको देखिन्छ ।

ढकाल (२०७०) ले "शिशुवा महिला बचत तथा ऋण सहकारी संस्थामा आबद्ध महिलाहरुको आर्थिक अवस्थामा आएको परिवर्तन" शिर्षकमा गरेको एक समाजशास्त्री अध्ययन अनुसार, सहकारीको माध्यमबाट महिलालाई सक्षम बनाउन खोजेपनि पुरुषको तुलनामा अझै पनि महिलाहरु कमजोर भएको र त्यसको लागि पुरुष सरह महिलालाई पनि सक्षम बनाउन उपयुक्त शिक्षाको व्यवस्था गर्न, चेतनामूलक तालिको व्यवस्था गर्न, व्यवहारिक शिक्षा प्रदान गर्ने, कृषि सम्बन्धि तालिमको व्यवस्था गर्ने, व्यवसाय सम्बन्धि तालिम दिई उनीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक स्थितिमा परिवर्तन ल्याउन सकियो भने मात्र समाजको विकास हुन्छ तब मात्र राष्ट्र निर्माणमा सहयोग पुग्न सक्दछ भन्न सकिन्छ । आर्थिक रुपमा सबल भए मात्र महिलाको स्तर वृद्धि हुन सक्छ । त्यसैले आजको परिवेशमा सहकारी संयन्त्र हो । जसबाट महिलाहरु सहकारिताको माध्यमबाट आर्थिक तथा सामाजिक एंव सांस्कृतिक क्षेत्रमा विकास गर्न सकिन्छ ।

बराल (२०७१) ले “व्यवसायीक तरकारी उत्पादनले महिलाको जीवनस्तरमा पारेको प्रभाव” विषयमा गरेको एक समाजशास्त्री अध्ययन अनुसार, महिलाहरुले उत्पादनबाट वार्षिक १० हजार देखि २ लाख सम्म आम्दानी गरेको पाइयो । आम्दानी गरेको पैसा कहाँ र कसरी खर्च गर्ने भन्ने कुराको निर्णय गर्ने, आम्दानी बचत गर्ने, तरकारी बेच्न जाने कार्यमा महिलाको बाहुल्यता पाइयो । आर्थिक अवस्थामा आएको सुधारले महिलाको जीवन पद्धतिमा नै परिवर्तन भएको कुरा अध्ययनबाट पत्ता लागेको छ । आर्थिक सुधार सँगै उनीहरुको अधिकार र स्वतन्त्रतामा सुधार भएको अध्ययनले देखाएको छ । आम्दानी पछि खर्चको निर्णय गर्ने काम र बचत गर्ने काममा महिलाको संख्या बढी पाइयो । त्यसै गरी उत्पादन पछि आर्थिक सुधार भएको र आत्मनिर्भर बन्न सकेका महिलाहरुको संख्या बढी देखियो । अध्ययन अनुसार तरकारी उत्पादनले महिलाको जीवनपद्धतिमा सकरात्मक प्रभाव पारेको छ भन्ने सकिन्छ ।

सहकारी र तरकारी खेतीमा आबद्ध महिलाहरु एक आपसमा अन्तरसम्बन्धीत छन् । तरकारी उत्पादन र बिक्रि वितरण पश्चात महिलाहरु सहकारी तथा विभिन्न क्षेत्रमा आबद्ध भएको पाईन्छ । तरकारी विक्रि वितरण पश्चात महिलाहरु सहकारीमा बचत गर्ने बानीको विकास भएको देखिन्छ ।

उपाध्याय (२०७३) ले “नेपालको अर्थतन्त्रमा महिला सहभागिता” विषयमा गरेको अध्ययन अनुसार, नेपालको अर्थतन्त्रमा महिला सहभागिता अर्थपुर्ण छ । कृषि, घरेलु काम लगायत समाज र समुदायमा हुने हरेक क्रियाकलापमा ज्याला विहिन कार्यमा महिलाको सक्रियता बढ्दो छ । राज्यले महिलाको ज्यालाविहिन कामलाई प्रत्यक्ष नगद प्रदान नगरे पनि उत्पादनशील कार्यलाई स्विकार्दै ग्रार्हस्थ उत्पादनमा समावेश गरेको छ । यसले समानताको विषयलाई एकदम अगाडि बढाएको रुपमा लिनुपर्दछ । ६६ प्रतिशत कृषिमा संलग्न जनसंख्या ७२ प्रतिशत मध्य १० प्रतिशत महिलाको कृषि जमिनमा स्वामित्व रहेको तथ्यांकले देखाउँछ । महिला संलग्नताकै कारणले ग्राहस्थ उत्पादनमा २८.९ प्रतिशत योगदान पुऱ्याएको हो । परम्परा देखि नै महिलालाई ज्यालाविहिन कामदारको रुपमा काम गराउने र हेरिने प्रचलन आज पनि यथावत नै छ । ठूला-ठूला उद्योगमा महिला सहभागितामा नगन्य छ । नेपालको उद्यमी संख्या ३६ हजार ६ सय ४२ रहेकोमा महिला उद्यमी जम्मा १० हजार ७ सय ३८ मात्र रहेका छन् । महिला परम्परागत घरायसी तथा घरेलु कामकाजमा व्यस्त तथा उत्पादाशिल कार्यमा संलग्नता रहेपनि आर्थिक रुपले घरका

प्रमुख पिता वा पतिमै आश्रित रहने अवस्थाबाट रुपान्तरण हुदैं एक दशकको अवस्थामा आइपुग्दा महिलाको अधिकार दृष्टिले ठूलो फट्को मार्न सफल देखिन्छ । यसै कारणले पनि होला व्यापारिक क्षेत्रमा महिला आकर्षण बढ्दो छ । शिक्षित महिलाको संख्यामा वृद्धि सँगै रोजगार, स्वरोजगार आकर्षण बढेको र व्यापार व्यावसायमा महिला उन्मुख भई आत्मनिर्भर हुने संख्यामा पनि थप वृद्धि भइरहेको छ । साना-साना व्यवसायमा ७० हजार संख्यामा महिला रहेको अनुमान छ ।

वर्तमान परिवेशमा कृषि, घरेलु काम लगायत समाज र समुदायमा हुने हरेक ज्यालाविहिन कार्यमा महिलाको अवस्था उच्च नै रहेको पाइन्छ । परम्परागत रुपमा भन्दा वर्तमान अवस्थामा महिलाहरुको अवस्थामा केही सुधार भएको छ । शिक्षित महिलाको संख्यामा वृद्धि सँगै व्यापार व्यवसायमा महिला सहभागिता बढ्दो अवस्थामा रहेको देखिन्छ । महिला सशक्तिकरणका लागि विभिन्न संस्थाहरुले महिला सीप विकास संगठनको स्थापना गरि महिलालाई तालिम प्रदान गर्ने संस्थाहरु पनि बढ्दो अवस्थामा रहेको पाइयो ।

Nixon (2013) का अनुसार, नेपालमा महिलाहरुका लागि जीविकोपार्जनका अवसरहरु बढाउनु महिलाहरुलाई सार्वजानिक जीवनमा सहभागी हुने स्वतन्त्रता दिने एउटा माध्यम हो । पश्चिम नेपालको पोखरामा रहेको महिला सीप विकास संगठन एक आर्दश उदाहरण हो । WSDO ले ८,००० भन्दा बढि महिलाहरुलाई कपडा बुन्न, काट्न र सिलाई तालिम दिएको छ । हाल यसले युरोप, संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया, जापान र दक्षिण कोरियामा निर्यातका लागि उत्पादनहरु बनाउने ३८० प्रभावशालि, दक्ष महिलालाई रोजगारी दिन्छ । यी प्राय सिमान्तीकृत महिलाहरुका लागि आत्मनिर्भर हुन पर्याप्त आयआर्जन गर्ने अवसर हो ।

विश्वकर्मा (२०७४) ले काठमाण्डौ उपत्यकामा महिला टेम्पो चालकको बारेमा गरेको एक समाजशास्त्रीय अध्ययन अनुसार, अन्य पेशा जस्तै यस पेशाबाट पनि आफ्नो आर्थिक तथा सामाजिक स्तिथिमा सुधार गर्न सकिन्छ । विभिन्न जातजातिका महिलाहरु संलग्न यस पेशामा अन्य बाहुन र क्षेत्री जातिका महिलाहरु संलग्नता अलिक बढि नै रहेको छ । यस पेशामा अन्य पेशाको जस्तै राम्रो आम्दानी हुन्छ । प्राय : सबै चालक महिलाहरु यस पेशा प्रति सन्तुष्ट छन् । उनीहरु आफ्नो परिवारमा आर्थिक रुपले निकै महत्वपूर्ण भूमिका खेलेका छन् । जसको कारण उनीहरु यस पेशामा संलग्न भयपछि आफ्नो आर्थिक स्थितिमा निकै

सुधार भएको बताउँछन् । आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिन सफल भएका छन् । यस अध्ययन अनुसार महिलाले टेम्पो चलाएर पनि छोराछोरीलाई राम्रो शिक्षा दिन सफल भएको पाइयो । टेम्पो चालक महिलाहरु आफ्नो पेशा प्रति सन्तुष्ट नै रहेको पाइन्छ । महिलाहरुले परिवार र समाजको मात्र नभई पुरै राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने गरेको पाइयो ।

सिंह (2011) का अनुसार, महिला वर्गको पूर्ण सहभागीता बिना जुनसुकै देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनितिक एवं वातावरणीय विकास सम्भव देखिदैन । मानवजीवन रथका दुई पाङ्ग्रा मध्ये एक त महिला नै हुन् । महिलाको अभावमा सृष्टिको नियम सुचारु हुन सक्दैन । समाजमा पुरुषको दायित्व जति हुन्छ, तर पनि अधिकांश विकासशिल देशहरुमा महिलाको भुमिकालाई कमजोर बनाइएको छ । महिलाको प्रत्यक्ष वा परोक्ष सहयोगको अभावमा पुरुष अगाडि बढ्न सक्दैनन् भने महिलाको अनुपस्थितिमा सामाजिक जीवन चक्र पनि अघि बढ्न सक्दैन । त्यसैले गर्दा समाजमा लैङ्गिक बिभेद देखिनु अनुपयुक्त हो । महिलाहरु परिवारको मात्र नभई समाज र राष्ट्रको विकासको समेत एक महत्वपूर्ण अंग हो । त्यसैले विकासमा महिलाको भूमिका सहर्ष स्विाकार गरिनु पर्दछ ।

Anand (2011) का अनुसार, विपद र द्वन्द्धको बेला लैङ्गिक असमानताको भार उच्च हुन्छ । त्यसैले यसमा Covid-19 को निषेधाज्ञाको प्रभावको बारेमा उल्लेख गरिएको छ । प्रवासी मजदुर असंगठित क्षेत्रका श्रमीकलाई यो सरकारको निती निर्माणले पूर्णतया बेवास्ता गरेको भए पनि यस क्षेत्रका महिलाहरु झन् झन् दयनिय अवस्थामा छन् । धेरैले आफ्नो जीविकोपार्जनमा अनिश्चित प्रभावको सामना गरिरहेको छन् । असंगठित क्षेत्रमा काम गर्ने महिला सडक बिक्रेता, घरेलु कामदार लगायत दैनिक ज्यालादारी गर्नेहरुले महामारीका कारण आफ्नो जीविकोपार्जन पूर्ण रुपमा असन्तुलित भएको बताउँछन् । भारत सरकारले आर्थिक सर्वेक्षण (२०१७-१८) अनुसार ५४.८ प्रतिशत महिला कामदार गैर कृषिमा संलग्न थिए, जसमध्ये ७२.३ प्रतिशत लिखित कामको सम्झौता नभएका ५०.४ प्रतिशत तलब पाउने कामदारले तलब बिदाको लागि योग्य नभएका र ५१.८ प्रतिशत महिला कामदारलाई गैर कृषिमा संलग्न गराइएको थियो । अनौपचारिक रोजगारीमा महिलाको अध्ययन : ग्लोबलाइजेसन एण्ड अर्गनाइजिङ (WEIGO) ले स्वरोजगार महिला संघ (SEWA) २०१९ को तथ्यांकले दिल्लीमा करिब ३,००,००० सडक बिक्रेताहरु मध्ये ३० प्रतिशत महिलाहरु

रहेका खुलासा गरेको छ । महिलाहरुले सडक बिक्रि बाट कमाएको पैसाले दैनिक रुपमा निर्भर रहेको पाइयो ।

महिलाहरु आफ्नो व्यवसायबाट आर्जन गरेको रकम दैनिक जीविकोपार्जनका रुपमा निर्भर रहने माध्यमको रुपमा रहेको पाइयो । सडकमा डोकामा फलफूल व्यवसाय गर्नेको संख्या दिनानुदिन बढ्दो क्रममा रहेको देखिन्छ ।

पहारी (२०६९) ले "कृषि उपज कारोबारमा लैङ्गिक सहभागीको समाजशास्त्रीय विश्लेषण" शिर्षकमा गरेको एक समाजशास्त्रीय अध्ययनका अनुसार, यस बजारमा अधिकांश सहभागी महिला विवाहित रहेको पाइयो । उनीहरुको तर्क अनुसार महिला कम सहभागी हुनाका कारण पारिवारिक सहयोग नहुनु रहेको छ । यस बजारमा महिलाहरु यति सम्म सक्रिय छन् कि उनीहरुले कृषि कार्य आफै गरेर बिहान डोकामा तरकारी मन्डिमा ल्याउने र बिहानको खाना पकाउन घर जाने सम्मको सक्रियता भएको पाइयो । उनीहरुलाई घरबाट सहयोग छैन यदि हुन्थ्यो भने बिहान खाना पकाउन जानु पर्ने थिएन । त्यसैले व्यापारमा महिला कम सक्रिय हुने कारण पारिवारिक कारण रहेको पाइयो । त्यस्तै बजारमा महिला सहभागिता कम हुने अर्को कारण आर्थिक कारण रहेको छ । आर्थिक अभावका कारण जिल्ला बाहिरबाट सामान खरिद गरि ल्याएर बेच्न नसकेकोले आफुले उत्पादन गरेको सिमित तरकारी मात्र बेच्ने गरेको  देखियो । त्यस बजारमा महिलाहरु डोकामा, ठेलामा सामान बेचेको देखियो जसका प्रमुख कारण आर्थिक अभाव रहेको पाइयो ।

प्रस्तुत अध्ययनमा तरकारी उत्पादन गर्ने बिक्रि गर्न जाने र घरको काम सबै महिलाको काँधमा रहेको र व्यवसायमा पारिवारिक सहयोगको अवस्था शुन्य रहेको पाइन्छ । साथै आर्थिक अभावका कारण महिलाहरुले अन्यत्र बाट सामान खरिद गरि बिक्रिवितरण गर्न नसकेको अवस्था महिलाहरुमा यथावत नै रहेको पाइयो ।

Acharya (2012) नेपालमा महिलाको हैसियत समय सँगै नाटकिय रुपमा भएको महशुस भएको छ । परापूर्वकालमा विश्वभर नारीलाई फरक-फरक व्यवहार गरिन्थ्यो । हिन्दु धर्ममा महिलालाई देवीको रुपमा लिईन्छ र नेपाल बहुसंख्यक जनसंख्या भएको देश भएकाले हिन्दु आस्थाबाट आएकाले स्पष्ट रुपमा महिलाले उच्च स्थान ओगटेका छन् । तर पछि राष्ट्र राज्य र संरचित समाजको आगमन सँगै नेपाली समाजमा महिलाहरु सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रुपमा भेदभावमा परेका छन् । सन् १९५० को आन्दोलन पछि

महिलाको अवस्थामा केहि परिवर्तन आएको छ । राष्ट्रिय आन्दोलन १९८९ र २००५-०६ पछि महिलाको अवस्था चमत्कारी ढँगले परिर्वतन भएको छ । राष्ट्रिय महिला आयोगको स्थापना पछि महिला मन्त्रालय, नेपाली महिला संगठनले नेपालमा महिलाको अवस्था परिवर्तन गर्न महत्वपूर्ण भूमिका खेलेको भएता पनि कमजोर सामाजिक संरचनाका कारण नेपाली महिलाले समाजमा ठूलो संख्यामा समस्या भोग्दै आएका छन् । उनीहरुलाई कसरी सशक्तिकरण गर्ने र कसरी लैङ्गिक अध्ययनको विकासको मुल-प्रवाहमा प्रवेश गर्ने भन्ने विषयमा त्रिभुवन विश्वविद्यालयमा विभिन्न अनुसन्धानहरु राष्ट्रको नागरिक समाजमा महिला विकासको सन्दर्भमा भएका छन् । विभेदकारी बालिका बेचबिखन र बलत्कार समाजमा अझै पनि व्याप्त छ । त्यसैले नेपालमा महिलाको समग्र स्थितीलाई परिवर्तन गर्न भविष्यमा अनुसन्धान आवश्यक छ । तसर्थ यो धेरै व्यापक रुपमा विभिन्न समाजको राजनीतिक, आर्थिक र सामाजिक स्थिती महिलाको स्थितीमा आधारित छ, जुन नारीवादी आन्दोलनबाट प्राप्त भएको छ ।

Acharya (2006), नेपाली समाजमा महिलाहरुको अधिनस्थ स्थान छ, या त उनीहरु आफ्ना बुबा वा पतिको अधिनमा छन् र उनीहरुको भूमिकाहरु घरेलु क्षेत्रमा सिमित छन् ।

Sharma & Verma (2010) पित्तृसत्तात्मक समाजमा महिलालाई घरायसी काममा र पुरुषलाई खाद्यान्न कमाउने काममा खटाइन्थ्यो । तर यो परम्परागत मान्यता हो र यो परिवर्तन भएको छ । यद्यपि समाजको संरचनात्मक फरकहरुको आधारमा परिवर्तनका विभिन्न रुपहरु छन् । सहरी क्षेत्रमा लैङ्गिक भूमिकामा तिव्र परिवर्तन भएको छ भने ग्रामिण क्षेत्रमा यो सुस्त छ । यस अध्ययनले कामदार महिलाहरुले खेल्ने दोहोरो भूमिकाको अन्वेषण गर्न विभिन्न सूचकहरुको जाँच गरेको छ । यसमा घरको काममा संलग्नता विश्रामको समय घरेलु काममा संलग्नता कार्य स्थलमा कामको प्रदर्शनमा घरेलु कामको प्रभाव, बालबालिकालाई शिक्षा दिनेमा पुरुष/महिलाको भूमिका, परिवारमा बिरामी व्यक्तिको हेरचाह गर्ने काम आदि समावेश छन् । यि सूचकहरुको विश्लेषणले नेपाली सहरी क्षेत्रमा लैङ्गिक भुमिका र सम्बन्ध परिवर्तन भइरहेको देखाउँछ । त्यस्तै, यो परिवर्तन सहरी र परमाणु परिवारमा महशुस हुन्छ । तर, यस अध्ययनमा दोहोरो भूमिकाको अवस्था देखाएको छ । कामदार महिलाले घरायसी काममा भूमिका निर्वाह र खाद्यान्न जुटाउने काम पनि उनीहरुले नै गर्नु पर्छ । यसले उनीहरुको कामको दोहोरो बोझ बोकिरहेको देखाएको छ । यस अध्ययनमा समाजमा काम गर्ने महिलाको बदलिदो सामाजिक आर्थिक स्थितिको वर्णन गर्छ ।

श्रमजीवि महिलाको सामाजिक आर्थिक स्थितिलाई परिभाषित गर्न विभिन्न सुचकहरु छन् । परिवारमा नेतृत्वको अवस्था, कामदार महिलाको पेशा, महिलाको रोजगारीबाट उत्पन्न द्वन्द, आराम वा असुविधाको अनुभुति, खर्च गर्ने स्वतन्त्रता, आम्दानी, कामदार महिलाप्रति समुदायको दृष्टिकोण, सामुदायिक स्तरमा निर्णय निर्माणमा निर्णायक भूमिका आदि यस अध्ययनमा महिला निर्माणको सामाजिक आर्थिक स्थिति वर्णन गर्ने प्रमुख सूचकहरु हुन् । यस अध्ययनबाट प्राप्त नतिजाले कामदार महिलाको पेशागत पदसँगै उनीहरुको सामाजिक, आर्थिक स्थिती उच्च रहेको देखाएको छ । त्यसैगरी सामुदायिक स्तरको निर्णय प्रक्रियामा उनीहरुको पहुँच बढेको छ ।

Deprose (2010) नेपालद्धारा प्रदान गरिएको लघुवित्त सेवाको पहुँचले ललितपुर जिल्लाको खोखना गा.वि.स. मा सर्वेक्षण गरिएका नमुना महिलाहरुको जीवनमा सकारात्मक प्रभाव पारेको छ र उनीहरुलाई जीविकोपार्जन संरचनामा सकारात्मक सामाजिक प्रभावहरु देखा परेको छ र महिलाहरुलाई धेरै तरिकाबाट सशक्त बनाएको छ जस्तै आधारभुत मुद्धाहरुमा चेतना र ज्ञान बालबालिकाको शिक्षाको महत्व, बाल स्वास्थ्य र स्वच्छता, पैसा व्यवस्थापनको महत्व, घरायसी अर्थतन्त्रमा उनीहरुको भुमिका आदी । सम्पत्ति निर्माण र स्वरोजगार सृजनामा सन्तोषजनक आर्थिक प्रभावहरु देखीएका छैन्न तर उपलब्ध गराइएका लघुवित्त सेवाहरुले उनीहरुलाई उनीहरुको राम्रो जीवनयापन संरचना सुधार गर्न मद्दत गरेको छ । खाद्य सुरक्षा वृद्धि, सुधारिएको स्वास्थ्य, सरसफाई, पोषण स्थिति र खडेरी, भोकमरी, वर्षा, रोग र सामाजिक अनुसरणको लागतको जोखीममा थप अनुसाशित र सचेत बनाएको छ । उनीहरुको सामाजिक अन्तरक्रिया र सामुदायिक स्तर, घरायसी तहको आर्थिक गतिविधि र निर्णय प्रक्रियामा सहभागिता वृद्धि भएको छ ।

पूर्व अध्ययनको समष्टिगत अध्ययन गर्दा प्रायः सबैजसो अध्ययन महिलाको आर्थिक तथा सामाजिक अवस्था र यसमा पारेको प्रभावको बारेमा मात्र अध्ययन गरेको पाइयो । माथि उल्लेखित अध्ययनहरुमा महिला व्यवसायीका बारेमा अझै थप अध्ययन अनुसन्धान नभएका कारण यस विषयले डोके फलफूल व्यवसायी महिलाहरुको आर्थिक आर्जनको अवस्था र व्यवसाय सुरु गरेपछि पारिवारिक सम्बन्धमा आएको परिवर्तन बारेमा उजागर गरिएको छ । यस अध्ययनमा महिलाहरुले आय आर्जन गरेपछि बचत गर्ने बानीको विकास भए नभएको अवस्थाको बारेमा, आफूले कमाएको रकम केमा लगानी गरेका छन् सोको बारेमा, आम्दानी पछि के के कार्यमा खर्च गर्ने गरेका छन्, डोके फलफूल व्यवसाय पश्चात्

परिवार सँगको सम्बन्ध, महिलाको पारिवारिक जिम्मेवारीको अवस्था र व्यवसाय गर्नु अघि र व्यवसाय पश्चात् पारिवारिक निर्णय प्रकृयामा महिलाको भुमिका के-कस्तो रहेको छ भन्ने बारेमा यस अध्ययनमा व्याख्या गरिएको छ । साथै महिलाहरु संलग्न भएका अन्य अध्ययनहरुलाई समावेश गरिएको छ ।

# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

प्रस्तुत अध्ययन पोखरा महानगरपालिका वडा नं. ९ पृथ्वीचोक स्थित पूर्वमा चाइना पुल देखि पश्चिममा लखनचोक सम्म र उत्तरमा हङकङ बजार देखि दक्षिणमा बसपार्क टर्मिनल सम्मको क्षेत्र भित्र डोके फलफूल व्यवसाय गर्ने महिलाहरुको बारेमा अध्ययन गर्ने रहेको छ । पोखराका बिरौटा, छोरेपाटन, वगर र अन्य क्षेत्रमा पनि डोके फलफूल व्यवसाय गर्ने महिलाहरु रहेतापनि पृथ्वीचोक बजार क्षेत्रमा यस व्यवसाय गर्ने महिलाहरुमा जातिय भिन्नता र व्यवसाय गरेका महिलाहरुमा लामो समयको अनुभव भएकाले साथै स्थानिय बासिन्दाले भन्दा अन्यत्र जिल्लाबाट आएर व्यापार गर्ने महिलाहरुको संख्या बढि रहेकाले यस क्षेत्रलाई अध्ययनको लागि छनोट गरिएको छ । यस ठाँउको महिला व्यवसायीको बारेमा अन्य शोधकर्ताहरुले अनुसन्धान नगरेकाले पनि यस ठाँउलाई अध्ययनको क्षेत्र छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धती महत्वपूर्ण हुन्छ । अनुसन्धान उपयुक्त विधि अपनाई आफ्नो अध्ययनको उद्देश्य उन्मुख हुनु आवश्यक छ । अनुसन्धान विश्वसनियता र प्रभावकारीता कति छ भन्नको लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हाँसिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । यस अनुसन्धानको मुख्य जोड डोको फलफूल व्यवसायले महिलाको आर्थिक तथा पारिवारिक सम्बन्धमा आएको परिवर्तनको बारेका अध्ययन गर्नु रहेको छ । यस

अध्ययन अन्तर्गत मुख्यतया व्याख्यात्मक र वर्णनात्मक किसिमको अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ अध्ययनको नमुना छनोट विधि

प्रस्तुत अध्ययनमा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ९ पृथ्वीचोक स्थित पूर्वमा चाइनापुल देखि पश्चिममा लखनचोक सम्म र उत्तरमा हङकङ बजार देखि दक्षिणमा बसपार्क टर्मिनल सम्मकको क्षेत्रभित्र डोके फलफूल व्यवसाय गर्ने महिलाहरुको बारेमा अध्ययन गर्नु रहेको छ । प्रस्तुत अध्ययन मिति २०७८ साल माघ महिनाको चार वटा शनिवार ८ गते, १५ गते, २२ गते गतेका दिनमा गएर सर्वेक्षण गरिएको छ किनकी बिदाको दिनमा नगर प्रहरीले नलखेट्ने भएकाले र अन्य दिनमा भन्दा शनिवारको दिनमा व्यवसाय गर्नेहरुको संख्या पनि बढि हुने भएकाले शनिवारको दिनमा दिउँसो ३ बजे देखि ६ बजे सम्मको समय तथ्यांक संकलन गरिएको छ । प्रस्तुत अध्ययनको उद्देश्यलाई समेट्नको लागि Theoretical Saturation विधि मार्फत उत्तरदातासँग अन्तवार्ता लिदैं जाने क्रममा तथ्यांकहरु दोहोरिन थालेपछि १२ जना उत्तरदातामा मात्र सिमित गरिएको छ । त्यस क्षेत्रका व्यवसायीहरु आफ्नो व्यवसाय गर्नका लागि ठाँउ परिवर्तन गरि व्यापार गर्ने भएकाले कुनै दिनमा धेरै र कुनै दिनमा थोरै व्यवसायीहरु रहेका छन् । Theoretical Saturation विधि मार्फत छनौटमा परेका १२ जना महिला व्यवसायीले ठाँउ परिवर्तन नगरी अध्ययन क्षेत्रलाई नै मुख्य व्यापारीक क्षेत्र मानी व्यापार गर्ने गरेका छन् । मिति २०७८/१०/०८ गतेका दिनमा त्यस क्षेत्रमा व्यवसाय गर्नेहरुको कुल संख्या ४५ जना रहेका छन् । जसमध्ये डोके फलफूल व्यवसाय गर्ने महिलाको संख्या मात्र २२ जना रहेका छन् । २२ जना व्यवसायी मध्ये त्यस मितिमा ३ जना महिला व्यवसायीको मात्र अध्ययन गरिएको छ । मिति २०७८/१०/१५ गतेका दिनमा त्यस क्षेत्रमा व्यवसाय गर्नेहरुको संख्या ३५ जना मात्र रहेकोमा डोके फलफूल व्यवसाय गर्ने महिलाहरु २१ जना मात्र रहेका छन् । त्यस मितिमा २१ जना व्यवसायी मध्ये ४ जना व्यवसायीको मात्र अध्ययन गरिएको छ । मिति २०७८/१०/१२ गतेका दिनमा त्यस क्षेत्रमा व्यवसाय गर्नेहरुको संख्या ४३ जना रहेकोमा डोके फलफूल व्यवसाय गर्ने महिलाहरु २५ जना मात्र रहेका छन् । २५ जना मध्येबाट त्यस मितिमा ३ जना महिला व्यवसायीको मात्र अध्ययन गरिएको हो । मिति २०७८/१०/२९ गतेका दिनमा त्यस क्षेत्रमा व्यवसाय गर्नेहरुको संख्या ३७ जना रहेका छन् । ३७ जना व्यवसायी मध्ये डोके फलफूल व्यवसाय गर्ने महिलाहरु २३ जना मात्र रहेका छन् । २३ जना

मध्ये त्यस मितिमा २ जनाा महिला व्यवसायीको मात्र अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा १२ जना व्यवसायीको अध्ययन पश्चात आवश्यक तथ्यांक संकलन भएकोले अध्ययनलाई यति नै तथ्यांकमा सिमित गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितिय दुवै किसिमका तथ्यांकका स्रोतहरुको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत अध्ययन क्षेत्रमा गई अवलोकन विधि, वैयक्तिक अध्ययन र अन्तरवार्ताबाट तथ्यांक संकलन गरिएको छ ।

#### क. अवलोकन विधि

प्रस्तुत अध्ययनमा महिला व्यवसायीहरुको दैनिक क्रियाकलाप बुझ्नको लागि यो विधि अपनाइएको छ । यसमा अनुसन्धान कर्ता स्वयम् सहभागी भएर उनीहरुले व्यक्त नगरेको र भन्न अप्ठ्यारो मानेको कुरालाई पनि यस विधिबाट तथ्यांक संकलन गरिएको छ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताको दैनिक क्रियाकलाप, सामाजिक आर्थिक अवस्था, रहन सहन, व्यापारिक कारेबार आदिका बारेमा अवलोकन मार्फत समेट्ने कोसिस गरिएको छ । भरपर्दो र विश्वासीलो तथ्यांक लिन सकियोस् भनि पटक-पटक सो क्षेत्रमा पुगेर अवलोकन गरी तथ्यांक संकलन गरिएको छ ।

#### ख. अन्तरवार्ता

यस विधिको माध्यमबाट तथ्याङ्क संकलन गर्दा सर्वप्रथम अन्तरवार्ता लिनको लागि उपयुक्त प्रश्नहरु सम्बन्धित व्यवसायमा आबद्ध रहेका महिलाहरुलाई सोधिएको थियो । प्रश्नहरु डोके फलफूल व्यवसाय गर्ने महिलाहरुको आर्थिक स्तरमा आएको परिवर्तन र पारिवारिक सम्बन्धमा आएको परिवर्तनको बारेमा सोधिएको थियो । अर्न्तवार्ता लिने क्रममा Theoretical Saturation विधिद्वारा १२ जना डोके फलफूल व्यवसायी महिलालाई छनोट गरिएको छ ।

#### ग. वैयक्तिक अध्ययन

कुनै पनि समाजशास्त्रीय अनुसन्धानको लागि वैयक्तिक अध्ययनको महत्वपूर्ण स्थान हुन्छ । यस अध्ययनमा डोके फलफूल व्यवसायमा लागेका महिलाहरुको विभिन्न पक्ष जस्तै आम्दानी पछि बचत गरे नगरेको, आम्दानी गरेको रकम कस्ता कार्यमा खर्च गर्छन्, आम्दानी पश्चात के-कस्ता ठाँउमा लगानी गरेका छन्, व्यवसाय गर्नु पूर्व परिवारमा महिलाको अवस्था कस्तो थियो र व्यवसाय गरे पश्चात परिवारले गर्ने व्यवहारमा कस्तो परिवर्तन आएको छ भन्ने बारेमा गहन अध्ययन गरिएको छ र उत्तरदाताले भनेका कुरालाई रेकर्ड पनि गरिएको छ । यस अध्ययनमा ५ जना डोके फलफूल व्यवसायको जीवन वृत्तान्तको बारेमा अध्ययन गरिएको छ ।

### ३.४.२ द्वितिय स्रोत

यो स्रोतबाट तथ्यांक लिने क्रममा लेख, रचना, पत्रपत्रिका, पाठ्य पुस्तक, इन्टरनेट तथा अन्य सम्बन्धी साहित्यको सहयोग लिइएको छ ।

## ३.५ तथ्याङ्कको प्रस्तुतिकरण एंव विश्लेषण

यस अध्ययन कार्यमा गुणात्मक तथ्याङक प्रयोग गरिएको छ । अध्ययनको उद्देश्यसँग सम्बन्धित भएर संकलित विभिन्न किसिमका तथ्याङकहरुको प्रकृति अनुसार वर्गीकरण गरि गुणात्मक तथ्यलाई विश्लेषणात्मक रुपमा व्याख्या गरिएको छ । यस अध्ययनमा तथ्याङक संकलन गर्दा अन्तरवार्ता लिने कममा रेकर्ड गरिएको रेकर्ड सुनेर कपीमा उतारिएको छ । व्यवसायीको भनाईहरुको गहन अध्ययन पश्चात् उपयुक्त शीर्षक र उपशीर्षकमा मेल खाने गरि अध्ययनको विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# डोके फलफूल व्यवसायी महिलाको आर्थिक विवरण

प्रस्तुत अध्ययन डोके फलफूल व्यवसायमा लागेका महिलाको आर्थिक अवस्थाको बारेमा केन्द्रित रहेको छ । यस अध्ययमा महिलाको आम्दानी, खर्च, बचत, लगानी र यो व्यवसायमा लाग्नुको कारण बारे स्पष्ट पार्ने प्रयास गरिएको छ ।

## ४.१ डोके फलफूल व्यवसायी महिलाको आम्दानी तथा बचतको अवस्था

प्रस्तुत अध्ययन डोके फलफुल व्यवसायमा सहभागी भए पश्चात महिलाहरुले के कति आम्दानी गरेका छन् र आम्दानी पश्चात बचत गर्ने बानीको विकास भए नभएको बारेमा अध्ययन गरिएको छ ।

विगत ५ वर्ष देखि डोके फलफूल व्यवसाय गर्ने एक महिलाका अनुसार *"यस व्यवसाय शुरु गरे पछि आम्दानी भएको रकम दैनिक रुपमा १००० रुपैयाँ बैंकमा जम्मा गर्ने गरेकी छु । जसबाट महिनाको ३०,००० बचत हुन्छ ।"*

२९ वर्षिय एक महिला व्यवासयीका अनुसार *"यो व्यवसाय गरेपछि महिनाको २०,००० जति कमाउने गरेको छु । घर खर्च गरेर बचेको केहि रकम बैंकमा जम्मा गर्ने गरेको छु ।*

व्यवसायी महिलाले आफूले कमाएको पैसा आफैले बचत गर्ने गरेको पाइयो । घर परिवारलाई आवश्यक पर्दा कहिलेकाँहि पैसा दिने र अरु बेला कमाएको पैसा आफूलाई चाहिने खर्च राखी बाँकी रकम बैंक तथा सहकारीमा जम्मा गर्ने गरेको पाइयो ।

एक निराक्षर फलफूल व्यवसायी महिलाले आफू यस व्यवसायमा लागे पछि कति आम्दानी हुन्छ र आम्दानी गरेको रकम बचत गर्ने बानीको विकास भएको कुरा भन्नु हुन्छ *"यस व्यवसायमा आवद्ध भए पश्चात् दैनिक रुपमा कमाएको रकमको केहि हिस्सा बचत गर्ने गरेकी छु । बचतको रकम व्यापार हुँदा र व्यापार नहुँदाको अवस्थामा फरकफरक हुने गर्दछ । व्यापार हुँदा राम्रो कमाई भयो भने महिनामा १५००० जति बचत हुने गर्दछ ।"*

स्याङ्जामा जन्मनु भएको एक महिला व्यवासयीका अनुसार *"यस व्यवासयबाट महिनामा १५,०००-२०,००० सम्म आम्दानी हुन्छ । आम्दानी भएको रकम घर खर्च गरेर रहेको केहि रकम अनिवार्य रुपमा बचत गर्ने गरेकी छु ।"*

यस शोधपत्रमा डोके फलफूल व्यवसायी व्यवसाय पश्चात् आम्दानीको अवस्थामा सुधार र बचत गर्ने बानीको विकास भए गो । आफूले आर्जन गरेको रकमको केहि हिस्सा अनिवार्य रुपमा बचत गर्ने गरेको पाइयो ।

प्रेम विवाह गरेकी एक महिला व्यवसायीका अनुसार *"यस व्यवसायबाट महिनामा ३०,००० आम्दानी हुन्छ । आम्दानी भएको रकमले छोरालाई राम्रो बोर्डिङ स्कुल पढाएकी छु । घरमा आवश्यक पर्ने खर्च छुट्टाएर अनिवार्य रुपमान बैङकमा ५००० जम्मा गर्ने गरेकी छु ।"*

लामा समुदायकी एक महिला व्यवसायीका अनुसार *"मैले यस व्यवसायबाट महिनामा २०,००० जति कमाउने गरेकी छु । मैले कमाएको पैसाले आमा बुबाको औषधी उपचार र घर खर्च गरेर रहेको रकम २,००० भए पनि सहकारीमा जम्मा गरेकी छु ।"*

प्रस्तुत अध्ययन अनुसार महिलाहरुले आफ्नो घर व्यवहार चलाउन, बुबाआमाको हेरचाह गर्न साथै छोरा छोरीलाई राम्रो शिक्षा प्रदान गर्नका लागि व्यवसाय गरी आम्दानी गरेको पाइन्छ । साथै आम्दानी गरेको रकम थोरै भएपनि सकेसम्म बैंक तथा सहकारी संस्थामा बचत गर्ने गरेको पाइन्छ ।

व्यवसायीहरुको आम्दानी र व्ययको ढाँचाको मुल्याङकन पछि यी विक्रेताहरुले कुनै पनि प्रकारको बचत गतिविधिमा संलग्न छन् की छैनन् भनेर पत्ता लगाउन मलाई चासो थियो । यस प्रयासमा मैले तिनीहरुमध्ये धेरैले विभिन्न तरिकामा बचत गरेको फेला पारे । एक व्यवसायी सँगको अनौपचारीक कुराकानीका कममा उनले केही सहकारीमा हालसम्म करिब ५० हजार देखी १ लाख सम्म बचत गरेको खुलासा गरेकी छिन् । उनलाई त्यस सहकारीको नाम राम्रोसँग थाहा नभएपनि स्थान भएको र दैनिक रुपमा पैसा संकलन कर्ताहरु मार्फत जम्मा गर्छिन । एक व्यवसायीका अनुसार उनीहरुलाई छोराको भविष्यको चिन्ता हुने गर्दछ र छोराको भविष्यका लागि योजनाहरु पनि बनाउदै लगेको देखिन्छ । यी व्यवसायी महिलाहरु आफ्ना छोराछोरीको भविष्यप्रति संवेदनशील देखिन्छन् । यी व्यवसायीहरु धेरै साना व्यवसायी भएपनि उनीहरुको भविष्यको योजना र बालबालिकाको

भविष्यको लागि बचत गरी प्रशंसनिय कार्य गरेका छन् । एक दिन अर्न्तवार्ता लिने क्रममा म एकजना व्यवसायीसँगको कुराकानीमा व्यस्त थिएँ । त्यस्तै क्रममा एकजना अफिसियल कपडा लगाएकी महिला हामी बिच आइपुग्दा हाम्रो कुराकानीमा बाधा भयो । उनले व्यवसायी महिलासँग रु.२०० मागिन र आफ्नो रेकर्ड फाइलमा उल्लेख गरेर त्यहाँबाट गइन् । त्यसपछि मैले उनलाई अर्को महिला व्यवसायीसँग पनि यसै गरी पैसा मागेको देखेर तब मैले ती महिला को थिइन, किन उनीहरुको पैसा जम्मा गरिरहेकी थिइन र उनीहरुले किन उनलाई पैसा दिइरहेका थिए भनेर मैले पहिला कुरा गरेकी व्यवसायी महिलालाई सोधे । मेरो प्रश्नको सर्न्दभमा हल्का मुस्कुराउँदै मलाई जवाफ दिइन् । कि उनी सहकारीकी कर्मचारी हुन् र उनले आफ्नो दैनिक आम्दानीबाट केही पैसा भविष्यमा संकटको समयमा उपयोग गर्नको लागि बचत गर्दै थिइन । यसरी मैले महिलाहरुले बचत गरेको देखेकी छु । मेरो अध्ययनबाट धेरै व्यवसायीहरुसँग कुरा गरेपछि थाहा भयो कि केही व्यवसायीहरुले बैक तथा सहकारीमा बचत गर्छन् भने केहीले आमा समुहमा पनि बचत गर्छन । एक व्यवसायीले आफुले गरेको आम्दानीबाट धुकुटी खेल्ने गरेको पाइयो । उनले घरमा कुनै पनि प्रकारको आकस्मिक प्रयोगको लागि रु ५,०००-१०,०००सम्म राख्ने गरेको खुलासा गरेकी छिन् ।

व्यवसाय गर्ने महिलाहरुको आम्दानीलाई समुच्च हेर्ने हो भने महिनामा १५,००० देखि ३०,००० सम्म कमाउने गरेको पाइन्छ र आफुले कमाएको रकमको केहि हिंसा बैक तथा वित्तिय संस्थामा बचत गर्ने गरेको पाइन्छ । केही व्यवसायको हकमा घर र परिवारमा अन्य सदस्यले पनि कमाउने हुँदा घर खर्चका लागि घरमा अलिकति रकम दिए हुने भएकाले आफ्नो आवश्यकता पुरा गर्ने रकम राखी बाकी रहेको पैसा सहकारीमा जम्मा गर्ने गरेको पाइयो । यस व्यवसाय पश्चात यो कुरा थाहा पाउन सकिन्छ कि धेरै पढलेख नगरे पनि सामान्य हिसाब गर्न जान्ने भए पुग्ने र धेरै लगानी गर्न नसक्ने महिलाहरुका लागि यो व्यवसाय उत्तम भएको देखिन्छ । डोके फलफूल व्यवसाय गर्ने महिलालाई सामान्य जीवन जिउनका लागि यो व्यवसाय उत्तम हुने गरेको देखिन्छ । धेरै लगानी पनि नचाहिने र सामान्य हिसाब गर्न जान्ने भए पछि महिलाहरुले यो व्यवसाय गर्दै आएको पाइन्छ । आम्दानी गरेको रकम बैंक तथा वित्तीय संस्थामा बचत गर्ने बानीको विकास भएको पाइन्छ । अरुकोमा जागिर गरेर कमाउने पैसा भन्दा आफूले यो व्यवसाय गरे पछि आम्दानी राम्रो भएको उनीहरु बताउँछन् ।

**वैयक्तिक अध्ययन - १**

*मेरो नाम कमला विष्ट (नाम परिवर्तन) हो । हाल म ५० वर्षकी भए । म विगत ५ वर्ष देखि डोके फलफूल व्यवसाय गर्दै आएको छु । मेरो जन्म सल्यान जील्लामा एक गरीब घर परिवारमा भएकाले शिक्षा प्राप्त गर्ने अवसर प्राप्त हुन सकेन । मेरा हाल दुई छोरा र १ छोरी छन् । श्रीमानको आफ्नै किराना पसल रहेको छ । मैले डोके फलफूल व्यवसाय शुरु गर्नको लागि लगानी गर्ने पैसा श्रीमानसँग मागेर शुरुवात गरे । शुरुमा २००० को फलफूल खरीद गरी बिक्रि गर्न थाले । यो व्यवसाय शुरु गरेपछि नियमीत रूपमा १००० रूपैयाँ बैंकमा जम्मा गर्ने गरेकी छु । जसबाट महिनाको ३०,००० बचत हुन्छ । छोराछोरी ठुला भईसकेका छन् । आफ्नो ध्यान राख्न सक्ने भएका छन् । घरमा म बाहेक श्रीमान र छोरीले पनि आ-आफ्नो पेशा अपनाएका छन् । घरको सबै घर व्यवहार श्रीमानको हातमा छ । मैले कमाएको पैसा आवश्यक पर्दा मात्र दिने गरेकी छु । आफूले कमाउनु भन्दा पहिला घर परिवारसँग झुक्नु पर्ने, चाहिएको रकम माग्न, घर खर्च गर्ने रकम माग्न पनी डराउनु पर्ने स्थिति थियो । अहिले आफै कमाउने भएपछि घर परिवारले मागेको बेलामा पैसा दिन सक्ने भएकी छु । घर परिवार सबैले राम्रो व्यवहार गर्छन् । परिवारमा मनमुटाव, झै-झगडा हुने भनेको गरिबीका कारण हो । गरिबी हटेपछि परिवारमा सुख शान्ती छाएको छ । घरमा कुनै कार्य गर्नुपर्दा सबै परिवारको सहमतीमा निर्णय हुन्छन् । घर परिवारले मेरो निर्णयको कदर गर्छन् । आफू यतिको सक्षम भएपछि सटर भाडामा लिएर फलफूल व्यवसाय गर्ने सोचमा बनाएकी छु । आफ्नै लगानीमा ठुलो पसल खोल्ने आट आएको छ । घर परिवारले पनि साथ र सपोर्ट गर्नुभएको छ । डोके फलफूल व्यवसायमा समस्या भनेको पानी आउँदा व्यापार गर्न सकिदैन । नगरपालिकाका कर्मचारीले आफूहरूलाई धेरै नै दुःख दिन्छन् । कहिले फलफूल नै फालिदिने कहिले तराजु नै लाने*

प्रस्तुत अध्ययन अनुसार पचास वर्षको उमेरमा पनि महिलाले डोके फलफूल व्यवसाय गर्दै आएको पाइन्छ । सुरुमा श्रीमान् सँग लगानी गर्ने पैसा मागि सुरुवात गरेकी उनले हाल महिनामा ३०,००० बचत गर्ने गरेकी छन् । घरमा श्रीमान् र छोरी पनि कमाउने छन् । उनीहरुले आफुलाई यो व्यवसाय नगर भने पनि आफ्नो लागि खर्च जुटाउनका लागि उनले यो व्यवसायलाई निरन्तरता दिदै आएकी छन् । आफै कमाउने भएपछि छोराछोरी सँग पैसाको लागि हात फैलाउनु पर्दैन आफ्नो आवश्यकता अनुसार खर्च

गर्न सकिन्छ । आफुले कमाएर बचत गरेको पैसाले ठूलो सटर खोजेर फलफूल व्यवसायलाई नै निरन्तरता दिने भएकी छन् । यस व्यवसाय गर्दा समस्या भनेको पानी, धुवा, धुलो, चर्को घाममा व्यापार गर्न कठिनाई हुने गर्दछ । नगर प्रहरीले पनि उत्तिकै दुख दिने गर्दछन् ।

## ४.२ डोके फलफूल व्यवसायी महिलाको खर्चको विवरण

प्रस्तुत अध्ययन डोके फलफुल व्यवसायमा सहभागी भएका महिलाहरुले आफुले गरेरको आम्दानी के कस्ता कार्यमा खर्च गर्ने गरेका छन् भन्ने बारेमा अध्ययन गरिएको छ ।

लामा समुदायकी एक महिला व्यवसायीका अनुसार *"दाजुभाई नभएका कारण अरु दिदिबहिनीको विवाह पश्चात् बुवा आमाको हेरचाहको लागि मैले विवाह नगरी बसे । बुवा आमालाई पाल्न र घर व्यवहार चलाउनका लागि डोके फलफूल व्यवसाय गर्न थाले । घरमा बुवा आमाको हेरचाह गर्दै यो व्यवसायलाई निरन्तरता दिदै आएकी छु । बुवा आमा वृद्धावस्थामा पुग्नु भयो । घर व्यवहार आफैले कमाएको पैसाले गरेकी छु ।"*

यस अध्ययनका अनुसार छोरी भए पनि छोरा सरह बाबु आमाको पालन पोषण गर्ने, घर व्यवहार धान्ने, बुवा आमालाई औषधी उपचार गर्ने कार्यमा आफै व्यवसाय गरी खर्च जुटाउने गरेको पाइयो । विवाह नै नगरी बुबा आमा पालेर बस्नु नेपाली समाजमा ठुलो त्याग मान्न सकिन्छ ।

एक एकल महिला व्यवसायिका अनुसार *"छोरीको जन्म पश्चात् हुर्कदै गए पछि माइतिमा पनि कति दुःख दिने भनेर आफ्नो लागि आवश्यक खर्च जुटाउनका लागि यो व्यवसाय गर्ने सोच बनाएर शुरु गरे । यस व्यवसायबाट गरेको आम्दानीले छोरालाई पढाउने, कोठा भाडा तिर्ने र माइतीमा बाबा आमालाई आवश्यक पर्दा सहयोग गर्ने गर्छु ।"*

एक वयस्क डोके फलफूल व्यवसायी महिलाका अनुसार *"छोरीहरु पढाउनकै लागि मैले यो व्यवसाय गर्नु पर्ने बाध्यता छ । ठूली छोरी १२ पास गरेर बसेकी छन् भने सानी छोरीलाई ल्याव पढाउने खर्च जुटाउनका लागि यो व्यवसाय गर्दै आएकी छु । आफैले काम नगरी बिहान बेलुका खान पनि मुस्किल पर्दछ ।"*

व्यवसायी महिलाहरुले आर्जन गरेको रकम विभिन्न घरायसी कार्यमा साथै छोराछोरीलाई गुणस्तरीय शिक्षा आर्जन गर्ने क्षेत्रमा खर्च गरेको पाइयो । डोके फलफूल

व्यवसायबाट आम्दानी भएको रकम आफूले निर्धक्कका साथ खर्च गर्न पाउने भएकाले केहि महिला व्यवसायीहरुले यो व्यवसाय गर्न थालेको पाइयो ।

एक विधवा व्यवसायीका अनुसार *"घरमा कमाउने अन्य व्यक्ति नभएको र छोराछोरी पढ्दै गरेका कारण छोराछोरीलाई पढाउनु र घर खर्च चलाउन यो व्यवसायले निर्वाह भएको छ । कहिले काही सानी छोरीको विद्यालय छुट्टी हुँदा आफुसँगै ल्याएर बदम बेच्न लगाउछु । छोरीलाई काममा लगाउन मन त लाग्दैन तर आफ्नो घर व्यवहार धान्नका लागि बाध्यताले काममा लगाउनु परेको छ ।"*

स्याङजा जिल्लामा जन्मीएर हाल पोखरा पृथ्वीचोकमा डोके फलफुल व्यवसाय गर्दै आएकी एक व्यवसायीका अनुसार *"श्रीमानले पनि सिलाई काम गर्नुहुन्छ । मैले आम्दानी गरेको रकमले छोरालाई राम्रो बोर्डिङ स्कुल पढाउने, घर खर्च चलाउने देखी रहेको रकम घर बनाएको ऋणको ब्याज तिर्ने गर्छु ।"*

प्रस्तुत अध्ययन अनुसार एक महिलाले आफ्नो घर व्यवहार चलाउनका लागि छोरीलाई पनि बदम बेच्ने कार्यमा सहभागी गराएको पाइन्छ । केही व्यवसायीको अनुसार आफुले गरेको आम्दानीबाट आफ्नो खर्च गर्न पुगेको पनि देख्न सकिन्छ । आफुले कमाएको रकम आफ्नो आवश्यकता अनुसार खर्च गर्ने गरेको देखिन्छ । महिलाले कमाएको आम्दानीमा खर्च गर्ने अधिकार आफैमा रहेको छ ।

व्यवसायीहरुले आम्दानी पछि के-कस्ता कार्यका लागि रकम खर्च गर्छन् भन्ने पत्ता लगाउने क्रममा प्राय जसो महिलाहरुले घरखर्च र छोराछोरीको गुणस्तरीय शिक्षामा खर्च गर्छन् भन्ने बुझ्न सकिन्छ । अध्ययन क्षेत्रमा तथ्याङक संकलन गर्ने क्रममा एक जना व्यवसायीका अनुसार छोरीले ल्याब पढ्ने इच्छा गरिन् र छोरीको लागि ऋण गरेर भएपनि उनले ल्याब पढाएकी छन् । यि व्यवसायी महिलाहरु आफ्ना आमा बुबा र छोराछोरीलाई जस्तो काम गरेर भएपनि खर्च जुटाउन तल्लिन भएका छन् । घाम, पानी, धुवा, धुलो र नगर प्रहरीको हेपाही सहेर आफ्नो परिवारलाई आर्थिक संकट हुन नदिनका लागि परेका छन् । केही व्यवसायीका अनुसार आफुले सकेको रकम गाउँमा सासु ससुरालाई पनि पठाउने गरेका छन् । जसले गर्दा सासु ससुरालाई केही मात्रामा भएपनि गुजारा हुने गर्दछ । एक व्यवसायीले आफ्ना भनाइहरु राख्ने क्रममा बताउछिन कि आफुले व्यवसाय गर्नुभन्दा पहिला श्रीमानसँग पैसा माग्न पनि अप्ठ्यारो लाग्थ्यो र घर खर्चका लागि पैसा माग्न पनि डराउँथे

। अहिले आफै कमाउने भएपछि श्रीमानसँग माग्नु परेन आफ्नै तरिकाले पैसा खर्च गर्न पाएकी छु । व्यवसायी महिलाहरुले आर्जन गरेको रकम विभिन्न घरायसी कार्य जस्तैः छोरा छोरी पढाउने, कोठा भाडा तिर्ने, खाद्यान्न खरिद गर्ने पानी बिजुलीको बिल तिर्ने, बिरामी हुँदा औषधी उपचार गर्ने जस्ता कार्यमा खर्च गरेको पाइयो । डोके फलफुल व्यवसाय गरे पश्चात आफुलाई आवश्यक पर्ने खर्चको निर्णय आफैले गर्न पाउने भएकाले केही व्यवसायीहरुले यो व्यवसाय गर्न थालेको पाइयो । यस व्यवसाय पश्चात गाउँमा सासु ससुरालााई आफुले सकेको खर्च पठाउने गरेका महिलाहरु पनि देखिन्छन् । आफुलाई आवश्यक पर्ने खर्च जुटाउनका लागि महिलाहरुले यो व्यवसाय गर्दै आएको पाइन्छ । श्रीमानले छाडे पनि आफ्नो घर व्यवहार चलाउनमा लागि यहि व्यवसाय गर्दै आएका महिलाहरु पनि रहेको पाइन्छ ।

## ४.३ डोके फलफूल व्यवसायी महिलाको आर्थिक लगानीको अवस्था

प्रस्तुत अध्ययन डोके फलफुल व्यवसाय अपनाएका महिला व्यवसायिहरुले आफुले गरेको आम्दानी रकम कस्ता क्षेत्रमा लगानी गरेका छन् भन्ने बारेमा अध्ययन गरिएको छ ।

माध्यामिक शिक्षा मात्र प्राप्त गरेकी एक डोके फलफूल व्यवसायी महिला भन्छिन्, *"सानै उमेरमा विवाह भएकाले पढाई बिच मै छुट्यो । छोराको जन्म पश्चात् छोराले पढ्न जान थाले पछि डोके फलफूल व्यवसाय शुरु गरे र मैले आम्दानी गरेको रकम श्रीमानले कमाएको रकम र केहि ऋण गरेर सानो घर बनाएका छौँ ।"*

आफूले कमाएको रकम र श्रीमानले कमाएको पैसा बचत गरेर र बाँकी रकम ऋण गरेर आफ्नो बसोबासका लाग उपयुक्त घरको निर्माण गरेको पाइयो ।

एक जनजाती व्यवसायी महिलाका अनुसार *"श्रीमानले चालकको काम गर्नुहुन्छ । मेरो भन्दा उहाँको कमाई राम्रो हुन्छ । उहाँले कमाएको र मैले कमाएको अलिअलि बचत गरेको पैसा र केहि ऋण खोजेर गाउँमा थोरै खेत किनेका छौ ।"*

डोके फलफूल व्यवसायी महिलाले पनि आफूले कमाएर घर बनाउने, गाउँमा गएर खेतबारी किन्ने जस्ता कार्यमा पैसा लगानी गरेको पाइयो । धैरै ठुलो लगानी गर्न नसके पनि सानो लगानीमा आफ्नो क्षमता अनुसारका घर जग्गा खरिद गरेको पाइयो ।

व्यवसायीहरुको आम्दानी बचत र खर्चको ढाँचाको मुल्याङ्कन पछि यी व्यवसायीहरुले कुनै पनि प्रकारका लगानीका क्रियाकलापमा संलग्न भएका छन् कि छैनन् भन्ने जिज्ञासा लागेर उनीहरुसँग कुराकानी गर्दै जाने क्रममा महिलाहरुले श्रीमानको कमाइ र आफ्नो कमाइलाई उत्पादनमुलक खेतबारी किन्ने र बसोबासका लागी आफ्नो गच्छ अनुसारको घर बनाउने गरेको कुरा पत्ता लगाउन सिकन्छ । खेतबारी किनेपछि आफ्नै गाँउमा गएर बस्न पर्ने स्तिथी आएमा दैनिक हातमुख जोड्नका लागि समस्या नआउला भनेर व्यवसायीले खेत किनेका छन् । एक महिला व्यवसायीको भनाई अनुसार आफुले अलि-अलि गरेर जम्मा गरेको रकमले सटर भाडामा लिएर ठूलो फलफूल पसल खोल्ने सोच बनाएको पाइन्छ । ठूलो लगानी गर्नका लागि आम्दानी पनि धेरै नै हुनुपर्दछ । डोके फलफूल व्यवसाय गरेर ठूलो लगानीमा अन्य व्यापार व्यवसाय गर्न नसक्ने अवस्था छ । मुल्य वृद्धि दिनानु दिन वृद्धि हुदै गएको छ । जसका कारण महिलाहरुले आम्दानी गरेको रकमले बिहान बेलुका छाक टार्न पनि मुस्किल हुने गर्दछ । आफुले गरेको आम्दानी बाट खाइ नखाई गरेर अलि अलि बैंक, सहकारी तथा आमा समुहहरुमा बचत गरेका छन् । एक महिल व्यवसायीको भनाई अनुसार आफुले अलि अलि गरेर जम्मा गरेको रकम भबिष्यमा छोराछोरीको इच्छा अनुसार पढाईमा लगानी गर्ने बताईन् । त्यस्तै अर्की व्यवसायीले छोरीको विवाह गर्नको लागि आफुले दैनिक रुपमा दुई सय जम्मा गर्दै आएको बताइन् ।

डोके फलफुल व्यवसाय गरेर महिलाहरुले आफुले कमाएको रकम, श्रीमानले कमाएको रकम र केही रकम साथी भाई सँग ऋण गरेर आफ्नो लागि मात्र दुई कोठाको घर बनाउने देखि लिएर गाउँमा खेतबाारी किन्ने जस्ता कार्यमा लगानी गरेको पाइन्छ । आफुले कमाएको रकम ऋणको ब्याज तिरेर घर व्यवहार धान्ने गरेका महिलाहरु पनि यस व्यवसायमा आबद्ध भएको पाइयो । आफुले आर्जन गरेको रकमले छोरा छोरीलाई राम्रो बोर्डिङ स्कुलमा पढाएका उदाहरण पनि यस व्यवसायमा लागेका महिलाहरुमा देख्न सकिन्छ । प्रस्तुत अध्ययनलाई पुष्टी गर्नका लागि निम्न वैयक्ति अध्ययनले अझ प्रष्ट पार्दछ ।

## वैयक्तिक अध्ययन - २

*मेरो नाम सिता क्षेत्री (नाम परिवर्तन) हो । धादिङ जिल्लामा २०४६ सालमा मेरो जन्म भयो । घरकी जेठी छोरीका रूपमा जन्मीएक म भन्दा मुनी ३ भाई बहिनी त्यसमा पनि घरको सामान्य स्थिति भएका कारण एस.एल.सी भन्दा माथि आफ्नो पढाई अगाडि बढाउन सकिएन । पढ्नको लागि घरको स्थितिले नभए पछि बाबा आमाले विवाह गरिदिनु भयो । हाल म श्रीमान र छोरीसँग पोखरा बिरौटामा बस्दै आएका छौँ । छोरी हुर्किएर स्कुल जान थालेपछि कोठामा एक्लै बस्न, दिन कटाउन गाह्रो भएकोले मैले पनि लगानी कम लाग्ने देखेर डोके फलफुल व्यवसाय गर्न सुरु गरे । यो डोके फलफूल व्यवसाय शुरु गरेको ५ वर्ष भयो । शुरुमा लगानी गर्ने पैसा साथीसँग मागेर शुरु गरे । यो व्यसाय गरेपछि आम्दानी १५,००० देखि १७,००० महिनामा कमाई हुन्छ । सोचे जस्तो राम्रो आम्दानी नभएपनि घर खर्च चलाउन सजिलो भएको छ । यो व्यवसाय गर्न श्रीमानको पुर्ण साथ र सहयोग प्राप्त गरेकी छु । छोरी १० वर्षकी भएकी छन् उनलाई विद्यालयमा बिहान छोडेर म व्यवसाय गर्न हिड्छु । बेलुका विद्यालय छुट्टि भए पछि छोरी आफै कोठामा आउने मैले बिहान खाजा बनाएर राखिदिन्छु त्यहि खाने गृहकार्य गर्ने गर्छिन । कोठा वरिपरि बस्ने दिदिबहिनीहरूलाई छोरीको हेरचाह गरिदिन अनुरोध गरेकी छु । घरको काम दुवै श्रीमान् श्रीमती मिलेर गर्छौं । श्रीमानले पनि फुर्सद हुँदा घर भित्रको काम खाना बनाउने, लुगा धुने गर्नुहुन्छ । श्रीमानले पनि चालकको काम गर्नुहुन्छ । मेरो भन्दा उहाँको कमाई राम्रो हुन्छ । उहाँले कमाएको मैले कमाएको अलिकति बचत गरेको पैसा र केहि ऋण खोजेर गाउँमा थोरै भए पनि खेतबारी किनेका छौँ । डोके फलफूल व्यवसाय गर्नुभन्दा पहिला श्रीमानसँग पैसा माग्न पनि अप्ठ्यारो लाग्थ्यो । घर खर्चका लागि पैसा माग्न पनि डराउँथे । अहिले आफैँ कमाउने भएपछि श्रीनसँग माग्नु परेन आफ्नै तरिकाले पैसा खर्च गर्न सक्ने भए । घर व्यवहारका हरेक पक्षमा दुवै जनाको सहमति हुन्छ । आफूले कमाउन भन्दा पहिला श्रीमानको अगाडि आफ्नो भनाई राख्न पनि डराउने म अहिले श्रीमानसँग काँधमा काँध मिलाएर बोल्न सक्ने भएकी छु । आफैले कमाउने र घर व्यवहार गर्न सहयोग गर्ने भए पछि आत्मविश्वास वृद्धि हुँदै गएको महसुस हुन्छ । यस पेशामा मुख्य समस्या घाम, पानीमा*

प्रस्तुत अध्ययन अनुसार महिलाको परिवार पनि ठुलो रहेको र जेठी छोरी भएकाले घरको आर्थिक अवस्था सामान्य रहेको अवस्थामा उनले एस.एल.सी पास मात्र गरेकी छन् । एस.एल.सी पास गरेपछि उनको विवाह भएको र विवाह पश्चात श्रीमानसँग पोखरामा बस्दै आएको थाहा पाउन सकिन्छ । छोरीको जन्म पश्चात हुर्किएर विद्यालय जाने भएपछि आफुलाई दिन कटाउन गाह्रो भएका कारण उनले डोके फलफुल व्यवसायलाई अपनाएको उनी बताउछिन् । आफुले कमाएको रकम श्रीमानले कमाएको रकम र केही ऋण गरेर उनीहरुले गाउँमा थोरै खेत किनेका पनि हामीले पत्ता लगाएका छौ । यो व्यवसाय गर्न हिड्दा छोरीको हेरचाहका लागि कोठा वरिपरि बस्ने दिदि बहिनीहरुसँग सहयोग लिएको पनि उनी बताउँछिन् । कमाउनु भन्दा पहिला श्रीमानसँग आवश्यक कुरामा पनि डराउनु पर्ने स्थिती थियो भने अहिले व्यवसाय गरे पश्चात श्रीमानसँग बोल्न सक्ने भएको उनी सुनाउछिन् । यस व्यवसाय गर्दा अनेक समस्या आए पनि त्यसको सामना गर्दै उनले यसलाई नै आफ्नो जिविकोपार्जनको आधार बनाएको पाइन्छ ।

## ४.४ डोके फलफूल व्यवसायमा महिला संलग्न हुनुको कारण

प्रस्तुत अध्ययन महिलाहरुले के-कस्ता बाध्यताले यो व्यवसाय अपनाएका छन् भन्ने बारे अध्ययन गरिएको छ ।

एक २१ वर्षिय डोके फलफूल व्यवसायी महिलाका अनुसार उनले एस.एल.सी. पास गरेतापनि आर्थिक अवस्था कमजोर भएका कारण डोके फलफूल व्यवसायमा लागेको बताइन् । उनी आफ्नो व्यवसाय शुरुवात गरेको क्षणलाई यसरी सम्झन्छिन् *"छोराछोरी हुर्केकाले आफूले पनि कमाउनु पर्छ भन्ने सोच राखी डोके फलफूल व्यवसाय शुरु गरे । यो व्यवसायलाई विगत दुई वर्ष देखि निरन्तरता दिदै आएकी छु । माइतीमा आमाले लगाउनु भएका काँको बेचेर यस व्यापारको शुरुवात गरे । काँको बेचेर आएको फाइदाले अन्य फलफूल खरिद गरी बिक्रि गर्न थाले ।"*

यस अध्ययनमा महिला व्यवसायीले छोराछोरी हुर्केर पढ्न जान थाले पछि आफू पनि घरमै बस्न भन्दा केहि आम्दानी मुलुक कार्य गर्नका लागि यो व्यवसाय अपनाइएको पाइन्छ ।

एक विधवा डोके फलफूल व्यवसायी महिलाका अनुसार *"श्रीमान्‌को मृत्यु पश्चात् सबै जिम्मेवारी मेरै काँधमा आइपऱ्यो । यो व्यापार गर्नु भन्दा पहिला बिस्कुट कम्पनीमा*

*काम गर्न थाले । कम्पनीमा पनि सोचे अनुसारको आम्दानी हुन सकेन । तलब बेलामा नदिने दिए पनि थोरै दिने गर्न थाले त्यसपछि त्यो काम छोडी फलफूल व्यवसाय गर्न थाले । सुरुमा १००० रुपैयाँका केरा खरिद गरी क्यारेटमा राखी बेच्न थाले । घरमा कमाउने अन्य व्यक्ति नभएका कारण विद्यालय छुट्टि हुँदा १३ वर्षकी सानी छोरीलाई आफूसँगै ल्याई बदम बेच्न लगाउँछु । डोके फलफूल गर्ने एक विधवा महिलाका लागि यो व्यवसाय जीविकोपार्जनका लागि उत्तम सावित भएको छ ।"*

एक जनजाति महिला व्यवसायीका अनुसार *"घरमा जेठी छोरीको रुपमा जन्मिएकी म भन्दा मुनि ३ भाइबहिनी त्यसमा पनि घरको सामान्य स्थिति भएका कारण एस.एल.सी. भन्दा माथि पढाई अगाडि बढाउन सकिन । पढ्नको लागि घरको स्थितिले नभएपछि बाबा आमाले विवाह गरिदिनु भयो । विवाह पश्चात् श्रीमानको कमाईले मात्र घर व्यवहार चलाउन गाऱ्हो भएपछि मैले पनि साथिको सल्लाह अनुसार यो व्यवसाय गरेकी हुँ ।"*

विवाह पछि सन्तान जन्माउने र हुर्काउने काममा व्यस्त भएतापनि छोराछोरी विद्यालय जाने भएपछि घरमा एक्लै बस्न, दिन कटाउन गाऱ्हो भएका कारण समय बिताउनका लागि पनि महिलाले यो व्यवसाय गर्दै आएको पाइयो ।

डोके फलफूल व्यवसायी महिलाले आफ्नो र घर परिवारको आर्थिक अवस्था उच्च बनाउनका लागि यो व्यवसाय गर्दै आएको पाइन्छ । यस व्यवसाय गर्ने महिलाहरुको आम्दानीलाई समुच्चमा हेर्ने हो भने महिनामा १५,००० देखि ३०,००० सम्म कमाई हुने गरेको पाइयो भने आफूले कमाएको केहि हिस्सा रकम बैंक तथा सहकारीमा जम्मा गर्ने गरेको पाइयो । यस अध्ययन पश्चात् महिलाले डोके फलफूल व्यवसाय गरेर पनि घरपरिवारलाई आर्थिक सहयोग र छोराछोरीलाई गुणस्तरीय शिक्षा दिन सक्षम रहेको पाइन्छ । महिलाहरुले आफूले कमाएको केहि रकम जम्मा गरेर घर बनाउनेदेखि गाउँमा खेतबारी किन्ने सम्मका कार्यहरु गरेको पाइयो । सन्तान जन्माउने र हुर्काउने काममा व्यस्त रहेतापनि छोराछोरी पढ्न जान थालेपछि आर्थिक अवस्था पनि कमजोर भएको कारण र लगानी गर्ने पर्याप्त रकम नभएका कारण पनि महिलाहरुले डोके फलफूल व्यवसाय अपनाएको पाइयो ।

प्रेम विवाह गरेकी एक महिला व्यवसायीका अनुसार *"मैले प्रेम विवाह गरे पछि घर परिवार र माइतिमा स्वीकार्नु भएन । त्यसपछि हामी दुवैजनाले पोखरा आउने निर्णय*

*गरियो । पोखरामा आएपछि श्रीमानले होटलमा जागिर गर्न थाल्नु भयो र म कोठा मै बस्ने छोरोलाई हुर्काउन थाले । यसरी एकजनाको कमाईले मात्र खर्च धान्न गाह्रो हुन थाल्यो र के गर्ने भन्ने सोचमा एकजना दिदि सँग सल्लाह लिए । मेरो पढाई पनि धेरै नभएकोले दिदिले डोके फलफूल व्यवसाय गर्न सल्लाह दिनुभयो । डोके फलफूल व्यवसायबाट राम्रो आम्दानी हुनेपनि बताउनु भयो । त्यसपछि मैले पनि यहि व्यवसाय गर्ने निर्णय गरे र श्रीमानसँग सल्लाह गरी व्यवसाय सुरु गर्न थाले ।"*

लामा सामुदायकी एक महिला व्यवसायीका अनुसार *"मेरो जन्म साइली छोरीको रुपमा भएको हो । पाँच जना दिदिबहिनी मध्ये मैले विवाह नगरी आमाबुबालाई पालेर बस्ने निर्णय गरे र नजिकैको चिनेको एकजना दाईको भाडा पसलमा काम गर्न थाले । अरुकोमा जागिर गर्दा समयमा तलब नदिने दिए पनि भनेजति नदिने कम दिने गर्न थाल्नुभयो । अरुको जागिर गर्नुभन्दा आफै केही गर्छु सोचेर डोके फलफूल व्यवसायलाई नै रोजे । डोके फलफूल व्यवसाय गर्दा धेरै पढाई पनि नचाइने र लगानी पनि धेरै नलाग्ने हुनाले यहि व्यवसाय गर्दे आएकी* छु ।"

विवाह पश्चात् सन्तान जन्माउने र हुर्काउने काममा व्यस्त भएता पनि छोरा छोरी विद्यालय जाने भए पछि घरमा एक्लै बस्न र दिन कटाउन गाऱ्हो भएका कारण महिलाहरुले यो व्यवसाय गर्दै आएको पाइयो भने श्रीमानको कमाइले मात्र घर व्यवहार चलाउन गाऱ्हो भएका कारण आफुले पनि केहि काम गरेर श्रीमानलाई आर्थिक सहयोग गर्ने उद्देश्यका साथ महिलाले यो व्यवसाय अपनाएको पाइयो । धेरै पढलेख नगरेका कारण राम्रो जागिर गरेर खान नसक्ने भएपछि सानो तिनो जागिर गरेर मालिकको हेपाई सहेर बस्न भन्दा महिलाहरुले थोरै लगानी मै यो व्यवसाय गरेको पाइयो । लगानीको हिसाबले डोके फलफूल व्यवसाय एउटा सबै भन्दा सजिलो माध्यम हुन सक्छ । एक व्यक्तिलाई यो व्यवसाय सुरु गर्न दुई हजार रुपैया भन्दा बढीको आवश्यकता पर्दैन । एक जनाले केहि किलो फलफूल, तौल गर्ने मेसिन र बाँसको डोको मात्र किन्नुपर्छ । यिनीहरुले फुटपाथमा एउटा सानो सार्वजानिक ठाँउ मात्र ओगट्ने गर्छन् । मैले अन्तरवार्ता लिएका व्यवसायीहरुले आफूसँग अन्य व्यवसायमा लगानी गर्ने पर्याप्त पैसा नभएको खुलासा गरेका छन् । एक व्यवसायीले मलाई त्यो दिन खल्तीमा सात सय रुपैया मात्र रहेको बताईन् र त्यो सातसय रुपैयाले स्थानीय मण्डीबाट फलफूल किनेर बजारमा बेचिन् । अर्की एकजना व्यवसायी महिलाले एउटा भवनमा ठाउँ लिन चाहेको बताइन् र सहरको केन्द्रबिन्दु रहेकाले भाडा तिर्न नसक्ने

स्थिती आयो । अधिकांश महिलाहरु आर्थिक अवस्था कमजोर थियो, उनीहरु सँग डोके व्यापार बाहेक अन्य व्यवसायमा लगानी गर्ने कुनै बचत थिएन । सहरमा घर जग्गा नभएकोले बैंकले ऋण दिदैन, यस बाहेक यि महिलाहरुसँग सरकारी अनुदान वा अन्य राम्रो व्यवसाय स्थापना गर्नका लागि राजनीतिक सञ्जाल पनि छैन । त्यसैले यी महिलाहरुका लागि डोके फलफूल व्यवसाय एक मात्र विकल्प बनेको छ ।  जागिर पाउनको लागि शिक्षा एउटा अत्यावश्यक कारक तत्व हो । मैले अन्तरवार्ता लिएका अधिकांश बिक्रेता महिलाहरुले कम्पनी वा सरकारी कार्यालयमा राम्रो काम नपाउनुमा उनीहरुसँग उच्च शिक्षा प्राप्त छैन । यस अध्ययन बाट पत्ता लगाउन सकिन्छ कि अधिकांश व्यवसायीहरुसँग माध्यामिक तहको शिक्षा पनि प्राप्त गरेका छैनन् । तिनीहरु मध्ये कोहि निरक्षर वा साक्षर मात्र छन् र केहीले तल्लो माध्यामिक तहको शिक्षा मात्र पाएका छन् । अधिकांश महिला बिक्रेताहरुले कुनै औपचारिक सिपमा आधारीत वा व्यवसायीक तालिम प्राप्त गरेका छैनन् । मैले गहिराइमा पुगेर अन्तरवार्ता लिएका १२ जना व्यवसायी मध्ये दुई जनाले मात्र अन्यत्र काम गरेर तलब थोरै भएको कारण छोडिदिएका छन् । यहाँको व्यवसायीहरु बिच शिक्षा र सिपको अभावमा उनीहरुले डोके फलफूल व्यवसाय रोज्नुको मुख्य कारण हो । तिनीहरुको कमजोर शैक्षिक पृष्ठभूमी पत्ता लगाएपछि मैले तिनीहरुको पछाडिको मुख्य कारणहरु फेला पारे । आफुलाई उच्च शिक्षा प्राप्त गर्ने तिब्र इच्छा रहेतापनि पारिवारिक आर्थिक अवस्था कमजोर रहेको र अर्को कारण सानै उमेरमा विवाह रहेको छ । श्रीमान्को घरमा गएपछि विद्यालयको ढोका सधैंको लागि बन्द हुने गरेको छ । नेपाली समाजमा महिलालाई पढाउन हुँदैन अर्काको घर जाने जात भनेर पनि छोरीलाई नपढाउने घरकै काममा मात्र सिमित गरेको पाइन्छ ।

# अध्याय : पाँच

# डोके फलफूल व्यवसायी महिलाको पारिवारिक सम्बन्ध

प्रस्तुत अध्ययनमा डोके फलफूल व्यवसायी महिलाको पारिवारिक सम्बन्धसँग सम्बन्धित अध्ययन गरिएको छ । यसमा डोके फलफूल व्यवसाय गर्नुपूर्व परिवारसँगको सम्बन्ध र डोके फलफूल व्यवसाय पश्चात् परिवारसँगको सम्बन्धमा के कस्तो परिवर्तन आएको छ भन्ने बारेमा अध्ययन गरिएको छ ।

## ५.१ डोके फलफूल व्यवसायी महिला माथि पारिवारिक दृष्टिकोण

प्रस्तुत अध्ययनमा डोके फलफुल व्यवसाय गर्नु पहिले परिवारले हेर्ने दृष्टिकोण र व्यवसाय गरे पश्चात परिवारले हेर्ने दृष्टिकोणमा के-कस्ता परिवर्तन भएका छन् भन्नेबारे अध्ययन गरिएको छ ।

एक दलित समुदायकी महिला व्यवसायीका अनुसार *"घरमा म बाहेक छोरा, बुहारी र श्रीमानले कमाउनु हुन्छ । उनीहरुले मलाई डोके फलफूल व्यवसाय नगर भन्छन् । मलाई यो व्यवसाय आफूले सक्ने बेला सम्म गर्न मन छ । मैले यो व्यवसाय घरपरिवारको इच्छा विपरित नै गरेकी छु । आफूलाई आवश्यक पर्ने खर्च अरुसँग माग्नु भन्दा आफै व्यापार गरेर सक्षम हुनका लागि परिवारको सहमति बिना नै यो व्यवसाय गरेकी छु ।"*

घरमा कमाउने अन्य सदस्य भएपछि डोके फलफूल व्यवसाय नगर भने पनि यहि व्यवसायमा महिला खुशी भएको पाइयो । आफूले सक्ने बेला सम्म यहि व्यवसायलाई नै निरन्तरता दिने सोच बनाएको पाइन्छ । परिवारले हेर्ने दृष्टिकोणमा नराम्रो पक्षबाट विस्तारै राम्रो पक्ष तर्फ केन्द्रित हुँदै गएको पाइन्छ ।

प्रेम विवाह गरेकी एक महिला व्यवसायिका अनुसार *"शुरुमा डोके फलफूल व्यसाय गर्छु भन्दा श्रीमान र घर परिवारले मान्नु भएन र श्रीमानले भनेको मानिन भनेर घर परिवारबाट सम्बन्धविच्छेद गर्नेसम्मका कुरा गर्नु भयो तर श्रीमानको इच्छा इज्जत अनुसार केही नगरी मलाई साथ र सहयोग गर्नु भयो । आम्दानी पनि राम्रो हुने देखेर अहिले म भन्दा घर परिवार र श्रीमान मेरो व्यवसायबाट धेरै खुशी हुनुहुन्छ ।"*

आफूले कमाएको रकम घर खर्चको लागि दिने गर्नाले घरपरिवारले हर्ने दृष्टिकोण र महिला प्रति गर्ने व्यवहारमा परिवर्तन आएको छ ।

एक विधवा महिला व्यवसायीका अनुसार, *"एकल महिला भएकाले समाजमा हेप्ने, कसैले पनि चाहिएको बेला ऋण दिन मान्दैनथे, नराम्रो काम गर्छे भन्ने दुर्व्यवहार गर्ने गर्थे भने वर्तमान अवस्थामा डोके फलफूल व्यवसाय गरेपछि सबैले हेर्ने दृष्टिकोणमा परिवर्तन भएको छ । आफै दुख गरेर छोराछोरी पठाएकोमा सबैले गर्व गर्छन् ।"*

व्यवसाय गर्नु भन्दा पहिला घर परिवारले महिलाले गरेको घरायसी कामको मुल्याङ्क नगर्ने र घरमै बस्नी मात्रै गर्छे केहि काम गर्दिन भने पनि व्यवसाय पश्चात् महिलाहरुलाई सम्मानजनक व्यवहार गरेको पाइयो । कमाउने भएपछि सबैले हेर्ने दृष्टिकोणमा परिवर्तन भएको पाइयो । कमाएर घरमा आर्थिक सहयोग गरेपछि परिवारका अन्य सदस्यले व्यवसाय गर्नुपूर्व र व्यवसाय गरेपश्चात् महिलाहरुलाई गर्ने व्यवहारमा सकारात्मक परिवर्तन भएको पाइयो ।

एक डोके फलफुल व्यवसायी अनुसार *"श्रीमान विदेश जानु भएको दुई वर्ष सम्म पनि कुनै खबर आएन गाँउमा छोरा छोरीलाई पढाउने र सासु ससुराको स्याहर सुसार गर्ने म मात्र भए । परिवारमा आर्थिक संकट हुदै गएको देखेर नजिकैको दाईले मलाई शहरमा गएर फलफुल व्यवसाय गर पढाई नभए पनि हुन्छ, लगानी गर्ने पैसा पनि धेरै लाग्दैन भन्नुभयो । घरमा सासुसँग शहरमा गएर फलफुल बेच्छु भन्दा मान्नु भएन । छोरी मान्छे नचिनेको ठाउँमा एक्लै जानु हुन्न् भन्नु भयो । मैले पनि आफ्नो घमण्ड गरेरै छोरा छोरीलाई गाउँमै छोडेर आए । सासुले धेरै गाली गर्नुभयो र नाना थरी आरोप लगाउन थाल्नु भयो । मैले डोके फलफुल व्यवसाय सुरु गरेर भएको आम्दानी घरमा पठाउन थाले पछि अहिले भने केही नराम्रो भन्नु हुन्न् । विस्तारै छोरा छोरीलाई पनि शहरमै पढाउने विचार गरेकी छु । श्रीमान पनि अहिले विदेशबाट आउनु भएको छ, उहाले पनि मलाई राम्रो साथ सहयोग गर्नु हुन्छ ।"*

महिलाले घर परिवारले नमान्दा नमान्दै पनि घमण्ड गरेर भएपनि यो व्यवसाय रोजेका छन् । घरको परिस्थिती अनुसार आफ्नो व्यवसाय गरेर खान सक्ने भएका छन् । परिवारले पहिला नराम्रो व्यवहार गरेपनि कमाउने भएपछि राम्रो व्यवहार गर्दै आएका छन् ।

महिला विरुद्धको भेदभाव प्राय घरमा फेला पार्न सकिन्छ र महिला विरोधी पूर्वाग्रहको प्रमाण धेरै पारिवारिक अभ्यासहरुमा देख्न सकिन्छ । परिवार एक प्राथमिक संस्था हो जहाँ प्रत्येक सदस्यले अन्य सदस्यहरुद्धारा प्रदान गरिएको समर्थन र प्रोत्साहनद्वारा आफ्नो क्षमतालाई महशुस गर्छन । परिवारले व्यक्तिको जीवनमा महत्वपुर्ण भुमिका खेल्छ । घर परिवारको आर्थिक योगदानको अनुभुति तब हुन्छ जब महिलाले घरको अर्थतन्त्रमा योगदान पुऱ्याउछन् । अर्को शब्दमा भन्नु पर्दा कुनै समाजका महिलाहरु विकासको प्रक्रियामा कति सम्म एकिकृत हुन्छन् भन्ने निर्धारण गर्ने प्रमुख शक्ति घरायसी क्षेत्र हो । मुलतः घर परिवारमा महिलाको लैङ्गिक पहिचान श्रम विभाजन र महिला र पुरुष बिचको सामाजिक सम्बन्धको प्रचलित विचारधारा अनुसार निर्माण हुने गरेको छ । हरेक समाजमा त्यस्ता विचारधाराका धेरै ढाँचाहरु छन् र त्यहाँ लैङ्गिक भूमिकाहरु पनि छन् । घरको काममा मात्र सीमित रहेका महिलाहरुको बारेमा वर्तमान परिवर्तित समाजमा उनीहरुको दक्ष अनुसारको काम गर्न दिनु पर्छ भन्ने मान्यताको विकास हुँदै आएको छ । अन्तरवार्ता लिने क्रममा एक व्यवसायीले भनिन् कि घरमा सासु ससुरा अशिक्षित हुनुहुन्छ त्यसैले गर्दा मैले यो व्यवसाय गर्छु भन्दा नराम्रो दृष्टिकोणले हेर्नु भयो । नराम्रो अनैतिक काम गर्न लागि छ जस्तो आरोप लगाउनु भयो । पछि श्रीमान सँग घर परिवारलाई सम्झाउन लगाए र बल्ल यो व्यवसाय गर्न दिनुभयो । त्यस्तै अर्को व्यवसायीले आफ्नो कुरा व्यक्त गर्ने क्रममा भनिन् मैले पहिला यो व्यवसाय गर्छु भन्दा श्रीमानले नै सपोर्ट गर्नु भएन भो यस्तो काम गर्नी हैन अरुले के भन्लान, गाउँमा नराम्रो व्यवहार गर्छन नाना थरिका कुरा काट्छन् भन्न थाल्नु भयो । पछि सम्झाइ बुझाइ गरे अरुले जे भने पनि आफु नराम्रो काम नगरे पछि केही हुदैन भने तर पनि श्रीमान त्यति खुसि हुनु भएन । मैले व्यवसाय सुरु गरि कमाउन थाले पछि र अन्य दिदि बहिनीले पनि यहि व्यवसाय गरेको देखेर श्रीमान अहिले खुसी हुनुहुन्छ । यस व्यवसायमा लागेका महिलाहरुको व्यापार सुरु गर्दाको अवस्था हेर्ने हो भने परिवारले नमानेका छन् र पछि आम्दानी राम्रो हुदै गएपछि उनीहरुको व्यवसायलाई राम्रो भन्ने गरेका छन् ।

प्रस्तुत अध्ययनमा डोके फलफूल व्यवसाय गर्ने महिलालाई व्यवसाय गरे पश्चात् परिवारले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन भएको पाइयो । व्यवसाय गर्नुभन्दा पहिला हेपे पनि व्यवसाय गरे पश्चात् सबैले सम्मान पूर्ण व्यवहार गरेको पाइयो । व्यवसाय गर्नु भन्दा पहिला घर परिवारले महिलाले गरेको घरायसी कामको मुल्याङ्क नगर्ने र घरमै बस्नी

मात्रै गर्छे केहि काम गर्दिन भने पनि व्यवसाय पश्चात् महिलाहरुलाई सम्मानजनक व्यवहार गरेको पाइयो । कमाउने भएपछि सबैले हेर्ने दृष्टिकोणमा परिवर्तन भएको पाइयो । कमाएर घरमा आर्थिक सहयोग गरेपछि परिवारका अन्य सदस्यले व्यवसाय गर्नुपूर्व र व्यवसाय गरेपश्चात् महिलाहरुलाई गर्ने व्यवहारमा सकारात्मक परिवर्तन भएको पाइयो ।

## ५.२ डोके फलफूल व्यवसायी महिलाको पारिवारिक निर्णय प्रकृयामा भुमिका

प्रस्तुत अध्ययनमा डोके फलफुल व्यवसाय पश्चात महिलाहरुको पारिवारिक निर्णय प्रक्रियामा कस्तो खालको भूमिका रहेको छ भन्ने बारे अध्ययन गरिएको छ ।

एक महिला व्यवसायीका अनुसार *"आफूले कमाउनु भन्दा पहिला घर परिवारसँग झुक्नु पर्ने, चाहिएको रकम माग्न, घर खर्च गर्ने रकम माग्न पनि डराउनु पर्ने स्थिति थियो । अहिले आफैँ कमाउने भएपछि घर परिवारलाई चाहिएको बेलामा पैसा दिन सक्ने भएकि छु । परिवारमा मनमुटाव, झैँझगडा हुने भनेको गरिबीको कारण हो । गरिबी हटेपछि परिवारमा सुख शान्ति छाएको छ । घरमा कुनै कार्य गर्नुपर्दा सब परिवारको सहमतिमा निर्णय हुन्छ । घर परिवारले मेरो निर्णयको कदर गर्छन् । आफ्नै लगानीमा ठूलो पसल खोल्ने आट आएको छ । घर परिवारले पनि साथ र सपोर्ट दिनुभएको छ ।"*

डोके फलफुल व्यवसाय पश्चा्त पारिवारिक निर्णय प्रक्रियामा महिलाका कुरा पनि सुनिन थालेको पाइन्छ । घरमा हुने हरेक निर्णायक प्रक्रियामा महिला एकलैले पनि निर्णय लिने गरेको पाइन्छ ।

एक महिला व्यवसायीका अनुसार *"घरमा श्रीमान र मेरो कमाइ भए पछि घर व्यवहार गर्न सजिलो भएको छ । मैले कमाउन भन्दा पहिला घरव्यवहार गर्न गाऱ्हो पर्थ्यो भने अहिले कमाउन थाले पछि घरव्यवहार गर्न सजिलो भएको छ । श्रीमानले पनि यो व्यापार गर्नमा सहयोग गर्नु भएको छ । आफ्नो खुट्टामा आफै उभिन सक्नुपर्छ भन्ने धारणा व्यक्त गर्नुहुन्छ । घर व्यवहारमा कुनै कामको निर्णय गर्नुपर्दा दुवै जनाले निर्णय लिने गर्दछौं । घर बनाउदा होस् वा छोराछोरीलाई विद्यालयमा पठाउदा होस् सबै कार्यको निर्णय प्रक्रियामा मेरो निर्णय नै अन्तिम हुने गर्दछ"* ।

एक अविवाहित महिला व्यवसायीका अनुसार *"बुवा आमा वृद्धावस्थामा पुग्नु भयो । घर व्यवहार सबै आफैले गर्छु । दिदि बहिनीले बुबा आमाको हेरचाह गर्ने र परेको बेलामा*

*ऋण दिएर आर्थिक सहयोग गर्दछन् । घरमा गर्नुपर्ने हरेक निर्णय आफैले नै गर्ने गर्छु । कहिलेकाँहि दिदिबहिनीसँग सल्लाह गरेर कुनै कामको निर्णय लिने गरेकी छु ।"*

डोके फलफुल व्यवसायी महिलालाई व्यवसाय गर्नु पुर्व घरायसी निर्णय प्रकियामा सहभागि नगराए पनि व्यवसाय गरे पश्चात् घरको हरेक काममा महिलालाई सहभागी गराउने तथा व्यवसायी महिलाको निर्णयको कदर हुने गरेको पाइयो । यस अध्ययनमा व्यवासयमा आवद्ध भएपछि महिलाहरुको आत्मबल बढेकाले घर परिवारमा गर्नु पर्ने हरेक निर्णय प्रकृयामा प्रत्यक्ष सहभागी भई आफ्नो भनाईहरु राख्ने गरेको पाइयो । साथै व्यवासय गर्ने महिला एक्लैले पनि घरायसी कामको निर्णय लिन सक्षम भएको पाइयो ।

एक जनजाती महिला व्यवसायीका अनुसार *"आफुले कमाउन भन्दा पहिला श्रीमानको अगाडी डराउने, आवश्यक परेको खर्च माग्न डराउने गर्थे भने अहिले व्यवसाय गरे पछि श्रीमानसँग घरायसी हरेक काममा निर्णायक भुमिकामा अगाडी बढिरहेकी छु । श्रीमानको अगाडी बोल्न सक्ने भएकी छु । आफैले कमाउने भएपछि घर व्यवहार गर्न सहयोग गर्ने गर्छु । घर व्यवहारका हरेक पक्षमा दुवै जनाको सहमतिमा निर्णय लिने गर्छौ । मेरो निर्णयको पनि कदर हुने गरेको महशुस हुन्छ ।"*

एक व्यवसायीका अनुसार *"हामीले प्रेम विवाह गरेका हौ । विवाह पश्चात घरको हरेक काममा मैले नै निर्णय लिने गरेकी छु । मैले गरेको आम्दानी र श्रीमानले गरेको आम्दानीलाई के मा खर्च गर्ने, बचत गर्ने देखी लिएर सबै कामको निर्णय मैले नै गर्ने गरेकी छु । श्रीमानले पनि धेरै विश्वास गर्नुहुन्छ । श्रीमानसँग सम्बन्ध पनि राम्रो हुने गरेको छ ।"*

व्यवसायीहरुले आफ्नो पारिवारिक निर्णय प्रकृयामा आफ्नो भुमिका कस्तो छ भन्ने बारे बताएका छन् । केही महिलाको हकमा श्रीमानसँगको सल्लाह अनुसार आफ्नो निर्णय लिने गरेका छन् भने केही महिलाहरुले आफ्नो मात्र निर्णय भए हुने कुरा बताएका छन् । छोराछोरीलाई कस्तो विद्यालयमा पढाउने, बचत के मा गर्ने जस्ता कार्यमा महिलाहरु बढी सक्रिय देखीन्छन् । घरायसी काममा, कृषिमा श्रमिक काममा महिलाहरु बढी देखिन्छन् । घर परिवारमा महिलाका यी कामलाई मौद्रिक हिसाबले ध्यानमा राखिएको छैन । अन्तवार्ता लिने क्रममा एक व्यवसायीको भनाई अनुसार घरमा श्रीमान, छोरा र बुहारी छन् उनीहरुले केही काम गर्नुपर्‍यो भने म सँग पनि सल्लाह गरेर मात्र अगाडी बढछन् । हामीले बनाएको सानो घर मेरै नाममा छ । अर्की एक व्यवसायीका अनुसार श्रीमानको जागिर स्थायीको छैन ।

घरमै बस्ने, तास खेल्ने गर्नुहुन्छ र मैले कमाएको पैसा पनि माग्ने खर्च गरिदिने गर्नुहुन्छ । छोराछोरी पढाउने देखि घरको सबै कामको निर्णय मैले नै गर्ने गरेकी छु । यसै गरी केही व्यवसायीको भनाई अनुसार उनीहरुले घर बनाउने,आफ्नो क्षमता अनुसारको खेतबारी किन्ने कार्यमा आफु स्वयमको सक्रिय सहभागिता रहेको बताउँछन् । राजस्व कम लाग्ने आशमा पनि महिलाहरुको नाममा घर, जग्गा पास गर्ने गरेको पनि उनीहरु बताउँछन् । महिलाहरु

**वैयक्तिक अध्ययन - ३**

*मेरो नाम शारदा अधिकारी (नाम परिवर्तन) हो । मेरो जन्म २०३१ सालमा पर्वतमा भयो र विवाह स्याङ्जा जिल्लामा भएको हो । हाल छोरा बुहारी र श्रीमानसँगै पोखराको छोरेपाटनमा सानो घर बनाएर बसोबास गर्दै आएका छौँ । मैले पढलेख नगरेको र लगानी पनि धेरै गर्न नसक्ने भएकाले कम लगानीमा डोके फलफूल व्यवसाय शुरु गरे । हाल यो व्यवसयामा लागेको ११ वर्ष भयो । यस व्यवसाय शुरु गर्दा श्रीमानसँग लगानी गर्ने पैसा मागेर शुरुवात गरेकी हुँ । यस व्यवसायबाट महिनाको १५,००० बचत गर्छु । घरमा म बाहेक छोरा, बुहारी र श्रीमानले पनि कमाउनु हुन्छ । त्यसैले उनीहरूले मलाई डोके फलफूल व्यवसाय नगर भन्छन् । मलाई यो व्यवसाय आफूले सक्ने बेला सम्म गर्न मन छ । घरकाको इच्छा विपरित नै यो काम गरेकी छु । आफूलाई आवश्यक पर्ने खर्च अरुसँग माग्नु भन्दा आफै व्यापार गरेर आफूँ सक्षम भएर बस्न मन पर्छ । परिवारमा सबै कामको निर्णय सबै सदस्यको सहमतिमा हुने गर्दछ । धेरै कामको निर्णय मेरो नै अन्तिम निर्णय हुन्छ । व्यवसाय गर्नुभन्दा पहिला श्रीमानसँग आवश्यक काममा पनि डराउने, सधै घरायसी काममा मात्र व्यस्त हुने गर्थे । आफू कमाउने भए पछि अरुको अगाडि निर्धक्क साथ आफ्नो भनाई राख्न सक्ने भएकी छु । मलाई डोके फलफूल व्यवसाय गर्दा हुने प्रमुख समस्या भनेको घर परिवारले साथ सहयोग गर्नुहुन्न । मैले यो व्यवसाय आफ्नो आवश्यकता पुरा गर्नका लागि मात्र गरेकी हुँ । आफुले कमाएको रकम आफैले खर्च गर्न सजिलो हुने गर्दछ । घर परिवार सँग थाप्नु पर्दैन यहि सोचले नै घर परिवारको सहमति बिना नै मैले यो व्यवसायलाई निरन्तरता दिदै आएकी छु ।*

प्रस्तुत अध्ययनमा महिला छोरा बुहारी र श्रीमानसँग पोखरामा बस्दै आएको धेरै वर्ष भएता पनि यो व्यवसाय गर्न थालेको ११ वर्ष भएको कुरा बताउछिन् । व्यवसाय शुरु गर्दा श्रीमानसँग पैसा मागेर लगानी गरेपछि अहिलने महिनामा १५००० बचत नै गर्ने गरेको पनि उनी सुनाउछिन् । छोरा, बुहारी र श्रीमानले यो व्यवसाय छोड्न दबाब दिइ रहन्छ । आफुले सक्ने बेलासम्म यही व्यवसाय गर्ने कुरा सुनाउछिन् । आफुले कमाउन भन्दा पहिला बोल्न डराउने र घरायसी काममा मात्र व्यस्त हुने गर्दथे भने आफै कमाउन थाले पछि सबै सँग निर्धक्कका साथ बोल्न सक्ने भएको कुरा पनि उनले सुनाउँछिन् । घर परिवारमा कुनै कार्यको निर्णय लिनु पर्दा महिलाहरु पनि सहभागि भएर आफ्नो भनाइ राख्न सक्ने भएका छन् ।

## ५.३ डोके फलफुल व्यवसायी महिलाको पारिवारिक जिम्मेवारीको अवस्था

प्रस्तुत अध्ययनमा डोके फलफुल व्यवसायमा लागेपछि महिलाहरुले परिवार प्रतिको जिम्मेवारी कसरी बहन गरेका छन् भन्ने बारे अध्ययन गरिएको छ ।

एक एकल महिला व्यवसायीका अनुसार *“विगत ८ वर्ष देखि श्रीमान पनि म भन्दा अलग्गै बस्नु हुन्छ । छोराछोरी पढाउने देखि लिएर उनीहरु सँग सम्बन्धित सबै कुराको जिम्मेवारी मेरै काँधमा रहेको छ । पढाइ लेखाइ र लगानी गर्ने धेरै पैसा पनि नभएका कारण थोरै लगानी भए पनि हुने भएकाले डोके फलफुल व्यवसाय शुरु गरे । आफु बिरामी हुँदा व्यापार गर्न सकिदैन र खान लाउन पनि धौ धौ पर्दछ । छोराछोरी पढ्दै छन्, श्रीमानको कुनै आशा छैन सबै पारिवारिक जिम्मेवारी मेरै काँधमा रहेको छ ।*

यस अध्ययनमा व्यवसायी महिलाले श्रीमानले छाडे पनि डोके फलफुल व्यवसाय गरेर छोराछोरी पढाउने, घर खर्च चलाउने सबै पारिवारिक जिम्मेवारी पूरा गर्न सक्षम भएको पाइयो ।

*“म फलफुल व्यापार गर्न हिड्दा छोराछोरी घरमा बस्छन् । छोराछोरीबाट कुनै प्रकारको रोकावट छैन । श्रीमानले पनि ड्राइभर काम गर्नु हुन्छ । मलाई मेरो व्यवसायमा पनि सहयोग गर्नु हुन्छ । मण्डीमा गएर फलफुल ल्याउने, घरको काममा सघाउने, छोराछोरीको हेरचाहमा सहयोग गर्नुहुन्छ । छोराछोरीले पनि मलाई यस व्यवसायमा कुनै रोकावट गरेका छैनन् ।”*

एक वयस्क महिला व्यवसायीका अनुसार *"छोराछोरी ठुला भइसकेकाले आफ्नो ध्यान आफै राख्न सक्छन् । घरमा म बाहेक श्रीमान् र छोरीले पनि कमाउने भएकाले सबै पारिवारिक जिम्मेवारी श्रीमानको हातमा रहेको छ । मैले कमाएको पैसा आवश्यक पर्दा मात्र दिने गरेकी छु ।"*

डोके फलफुल व्यवसायी महिला आफु व्यापार गर्न हिड्दा छोराछोरीको हेरचाहका लागि वरिपरि छरछिमेकलाई तथा आफन्त बोलाएर हेर्न लगाएको पाइयो । श्रीमान नहुने महिला व्यवसायीको हकमा सबै कामको जिम्मेवारी स्वयं महिलाले नै गर्दै आएको पाइयो ।

एक जनजाति महिला व्यवसायीका अनुसार *"छोरी १० वर्षकी भएकी छन् । उनलाई विद्यालयमा बिहान छोडेर म व्यवसाय गर्न हिड्छु । बेलुका विद्यालय छुट्टि भएपनि छोरी आफै कोठामा आउछिन् र मैले बिहान खाजा बनाएर राखि दिन्छु । त्यहि खाजा खाएर गृहकार्य गर्ने गर्छिन् । कोठा वरिपरि बस्ने दिदिबहिनीहरुलाई छोरीको हेरचाह गरिदिन अनुरोध गरेकी छु ।"*

एक व्यवसायीका अनुसार *"श्रीमान् र म दुबै जना काममा जाने गर्दछौ । छोरा १३ वर्षको भयो उसले आफु एक्लै पनि घरमा बस्न सक्छु भनेकोले उसलाई घरमा छोडेर म व्यापार गर्न हिड्छु । उ बिरामी पर्दा मैले नै हेरचाह गर्दछु र श्रीमानलाई कमाउन पठाउछु ताकी परिवारमा आर्थिक संकट नपरोस् ।"*

व्यवसायी महिलाले आफ्नो व्यवसायलाई निरन्तरता दिन छोराछोरीको पनि साथ पाएका छन् । घरपरिवार र छोराछोरी प्रतिको जिम्मेवारी पुरा गर्दै व्यवसाय गर्न हिडेका छन् ।

अन्तरवार्ता लिने क्रममा व्यवसायीका भनाइ अनुसार उनीहरुले बिहान उठेर मण्डी गएर फलफूल खरिद गरि ल्याउने र घरमा खाना पकाउने छोराछोरीलाई विद्यालय पठाउने र श्रीमान्लाई काममा पठाएपछि आफु फलफूल व्यवसाय गर्न हिडेको बताउछन् । केही महिला व्यवसायीले भने छोराछोरीको हेरचाह गर्नको लागि दिदिको छोरीलाई पनि आफुसँगै राखेको कुरा सुनाउछन् । व्यवसायीहरुले आफुले कमाएको रकमको केहि हिस्सा तथा आफुले सकेको पैसा गाँउमा सासु ससुरालाई पठाएर आफु बुहारी हुनुको कर्तव्य पुरा गरेका छन् । सासु ससुरा बिरामी पर्दा आफैले अस्पताल लगेर औषधि उपचार गर्ने उनीहरुको स्याहार सुसार गर्ने र सन्चो भएपछि गाउँमा पुऱ्याएर आउने जस्ता कार्यमा पनि महिलाहरु सक्षम

भएका छन् । प्रस्तुत अध्ययनमा छोरी भएर पनि छोरा सरह बुबाआमाको पालनपोषण गर्ने, घर व्यवहार धान्ने, बुबाआमाको औषधी उपचार गर्ने जस्ता कार्यमा आफै व्यवसाय गरी खर्च जुटाउने गरेको पाइयो । विवाह नै नगरी बुबाआमाको पालनपोषण गरेर बस्नु नेपाली

**वैयक्तिक अध्ययन - ४**

*मेरो नाम कृष्ण कुमारी परियार (नाम परिवर्तन) हो । मेरो जन्म ३८ सालमा पर्वत जिल्लामा भएका हो । घरमा आमा बुबा खेती किसानी गर्नुहुन्थ्यो । छोरीलाई पढाउने भन्दा बढी खेतिपानी गर्न लगाउने चलन थियो । आफू पनि पढ्ने लेख्ने उमेरमा खेतकै काममा जान थालियो । विवाह १६ वर्षकै उमेरमा भए पश्चात् छोरा छोरी पनि जन्मिए । छोराछोरीलाई राम्रो पढाउनका लागि भनेर नै पोखरा शहरमा । बसोबास गर्न थालियो । छोरा छोरी हुर्किए र स्कुल जाने भए पछि घर व्यवहार धान्न पनि गाह्रो भएका कारण मैले डोके फलफूल व्यवसाय गर्ने निर्णय गरे । मैले डोके फलफूल व्यवसाय गर्न थालेको १२ वर्ष भयो । विगत ८ वर्ष देखि श्रीमान पनि म भन्दा अलग्गै बस्नु हुन्छ । छोराछोरीको लागि गनुपर्ने कुनै कर्तव्य पालना गर्नु भएको छैन । छोरा छोरी पढाउने देखि लिएर उनीहरूसँग सम्बन्धित सबै कुराको जीम्मेवारी मेरै काधमा रहेको छ । पढाई लेखाई र लगानी गर्ने धेरै पैसा पनि नभएका कारण थोरै लगानी भए पनि हुने भएकाले डोके फलफूल व्यवासय शुरु गरे । आफूसँग भएको ७०० रूपैया लगानी गरी साग डोकामा राखी बिक्रि गर्न थाले र ३०० जति फाइदा भएको पैसाले अन्य प्रकारका फलफूल खरिद गरी बिक्रि गर्दै लगेर अहिलेको स्थिति सम्म आइपुग्न सफल भए । श्रीमान सँगै हुँदा पनि कहिल्यै उहाँको साथ र सहयोग पाउन सकिन । अहिले त झन् सब कामको भार आफूलाई नै परेको छ । मैले कमाएको पैसा जति सबै छोराछोरी पढाउन, खाद्यन्न खरिद गर्न कोठा भाडा तिर्न खर्च हुन्छ । कहिलेकाहिँ अलिकति भएनी बचत गरेकी छु । आफू बिरामी हुँदा व्यापार गर्न सकिदैन र खान लगाउन पनि धौँ धौँ पर्ने बेलामा बचत गरेको पैसा काम लाग्छ । छोराछोरी पढ्दै छन् । श्रीमानको कुनै आश छैन सबै कामको घर व्यवहार आफैले गर्नुपरेको छ । यस व्यवसाय गर्दा पर्ने प्रमुख समस्या आफू बिरामी पर्दा, पानी आउँदा व्यापार गर्न सकिने स्थिति हुँदैन । हालको अवस्था हेर्ने हो भने कोभिड-१९ का कारण व्यापार गर्ने वातावरण सहज बनिसकेको छैन । रोगको त्रास जनमानसमा बढीरहेको छ । रोग सर्ने डरका कारण मानिस घर बाहिर हिड्न सक्ने स्थिति छैन जसले*

प्रस्तुत अध्ययन अनुसार छोरीलाई पढाउन भन्दा बढि खेतीपाती गर्ने कार्यमा लगाउने चलन पहिले नेपाली समाजमा विकृतिकै रुपमा रहेको थियो । सानै उमेरमा विवाह र विवाह पश्चात नै छोराछोरी जन्माउने, हुर्काउने र खेतीपाती गर्ने कार्यमा महिलाहरु व्यस्त रहेका छन् । श्रीमान सगैँ सहरमा आउने क्रममा धेरै आर्थिक संकट भोल्नु परेकोले महिलाहरुले यो व्यवसाय गर्दै आएको पाइन्छ । यस अध्ययन अनुसार श्रीमानले छाडेर अन्तै बस्नुहुन्छ र छोराछोरीको हेरचाह, पढाई, स्वास्थ्य सबैको जिम्मेवारी आफ्नै काँधमा रहेको छ । लगानी कम लाग्ने र कमाई पनि राम्रै हुने देखेर उनले यो व्यवासयलाई अपनाउदै आएकी छिन् । आफु बिरामी पर्दा व्यापार गर्न नसक्दा समस्या आउने पनि उनी बताउँछिन् । कोभिड-१९ ले आफ्नो व्यवसायमा धेरै नोक्सान पुऱ्याएको पनि उनी बताउँछिन् ।

## ५.४ डोके फलफुल व्यवसायी महिलाको पारिवारिक सम्बन्धमा आएको परिवर्तन

प्रस्तुत अध्ययनमा डोके फलफुल व्यवसायी महिलाको पारिवारसँगको सम्बन्धको बारेमा उल्लेख गरिएको छ । व्यवसाय गर्नु पूर्व परिवारसँगको सम्बन्ध र व्यवसाय गर्नु पश्चात् पारिवारिक सम्बन्धमा आएको परिवर्तनको बारेमा उल्लेख गरिएको छ ।

प्रेम विवाह गरेकी महिला व्यवसायीका अनुसार, *"डोके फलफुल व्यवसाय गर्ने सोच बनाएर श्रीमानसँग सल्लाह गर्दा शुरुमा त डोका बोकेर बेच्न गाह्रो हुन्छ भनेर मान्नु भएन । मैले पनि यहि व्यवसाय राम्रो हुन्छ भनेर सम्भाए पछि मान्नु भयो र लगानी गर्ने पैसा पनि दिनु भयो । यस व्यवसायबाट महिनामा २०,००० आम्दानी हुन्छ । छोरोलाई राम्रो बोर्डिङ स्कुलमा पढाएका छौं । श्रीमानको साथ र सपोर्ट बिना यो व्यवसाय गर्न असम्भव नै हुने थियो । हालको अवस्थामा घर र माइतीमा पनि हामीलाई माफी दिनु भयो । गाउँबाट आमा बुबा कहिलेकाही आउनु हुन्छ । मैले पनि कमाउन थालेको देखेर राम्रो व्यवहार गर्नु हुन्छ । बुहारीले कमाएपछि छोरालाई पनि व्यवहार चलाउन सजिलो भएको कुरा गाउँमा अन्य व्यक्तिलाई भन्नु हुन्छ । अरुलाई पनि खाली बस्न भन्दा केही व्यापार व्यवसाय गर्न हौसला दिने गर्नुहुन्छ ।"*

*"व्यवसाय गर्नुभन्दा पहिला समाज तथा परिवारका अन्य व्यक्तिसँग आफ्नो भनाई राख्न डर लाग्थ्यो । आफैले व्यवसाय गरी कमाउने भएपछि परिवार तथा समाजका अन्य व्यक्तिहरुसँग आफ्नो मनमा लागेका कुराहरुको सुझाव, सल्लाह दिन सक्ने भएकी छु ।"*

डोके फलफुल व्यवसाय पश्चात् घर परिवारले पनि छोरालाई घर व्यवहार चलाउन सहज भएकाले बुहारीलाई यही व्यवसाय गर्न छुट दिएको पाइयो । आफ्नो बुहारीले गरेको कामको प्रशंसा गरी गाउँमा अन्य व्यक्तिलाई पनि यही काम गर्ने हौसला दिने गरेको पाइयो ।

डोके फलफुल व्यवसाय गर्नु भन्दा अगाडी महिलालाई घर परिवारले व्यवसाय नगर्न दबाव दिए पछि पनि आम्दानी राम्रो भएको देखेर साथ र सहयोग गरेको पाइयो । व्यवसायी महिलाहरुले घर परिवार प्रति गर्नुपर्ने जिम्मेवारी पनि पूर्ण रुपमा पूरा गरेको पाइयो । डोके फलफुल व्यवसाय पश्चात् आत्मबलमा वृद्धि भई निर्णयात्मक भूमिकामा पनि अग्रस्थानमा रहेको पाइयो ।

एक महिला व्यवसायीका अनुसार *"मैले कमाउन भन्दा पहिला घर परिवार सँग झुक्नु पर्ने, चाहिएको रकम माग्न पनि डराउने गर्थे । मैले व्यवसाय सुरु गरेपछि घरखर्चका लागि अरुसँग पैसा माग्नु परेको छैन । अहिले घर परिवार सबैले राम्रो व्यवहार गर्दछन् । परिवारमा मनमुटाव झै-झगडा हुने भनेको गरिबीका कारण हो । गरिबी हटेपछि परिवारमा सुख शान्ति छाएको छ ।"*

२९ वर्षिय एक महिला व्यवसायीका अनुसार *"श्रीमानले पनि ड्राइभर काम गर्नुहुन्छ । मलाइ मेरो व्यवसाय गर्नमा पनि सहयोग गर्नुहुन्छ । मण्डीमा गएर फलफूल ल्याइदिने, घरको काममा सघाउने, छोराछोरीको हेरचाहमा सहयोग गर्नुहुन्छ । घरमा सबै कामको निर्णय लिनुपर्दा दुबैजनाको सहमति नै हुने गर्दछ । यस व्यवसायबाट परिवारमा खुसि आएको छ । आफ्नो दैनिकी गुजारा गर्न यो व्यवसायले मलाई सन्तुष्ट नै बनाएको छ ।"*

प्रस्तुत अध्ययन अनुसार महिलाहरुले यो व्यवसाय गरेपछि परिवारमा आर्थिक संकट भएको छैन र सुख शान्ति छाएको छ भनेका छन् । श्रीमान्ले पनि आफुलाई व्यवसाय गर्नमा सहयोग गरेको कुरा बताउँछन् । घरभित्रको काम देखि लिएर मण्डीमा गएर फलफूल खरिद गरि ल्याइदिने जस्ता कार्यमा सहयोग गरेको देखिन्छ ।

व्यवसायीहरुको आम्दानी, बचत र लगानीको ढाँचाको मूल्यांकन पछि यी व्यवसायीको परिवारसँगको सम्बन्धमा विगत र वर्तमान्मा के परिर्वतन आएको छ भन्ने बारेमा पत्ता लगाउने क्रममा उनीहरुकाले आ-आफ्नो कुराहरु भनेका छन् । तिनीहरु मध्ये धेरैको पारिवारिक सम्बन्ध हेर्ने हो भने व्यवसाय गर्नुपूर्व उनीहरुले गरेको घरायसी कामको मुल्यांकन नभएको र केही काम गर्दिन घरमै बस्छे जस्ता कुराहरु गर्ने गर्थे भने अहिले

व्यवसाय गरे पश्चात महिलाहरुलाई घरपरिवारले गर्ने व्यवहारमा परिवर्तन आएको छ । परिवारमा मनमुटाव हुनुको मुख्य कारण नै आर्थिक अवस्था कमजोर हुनु हो । महिलाले पनि व्यवसाय गरी घरखर्च गर्न सक्ने भएपछि परिवारका अन्य सदस्यले उनीहरुलाई राम्रो व्यवहार गरेका छन् । एक व्यवसायीका अनुसार म यो व्यवसायमा लाग्नुको मुख्य कारण भनेको पारिवारिक आर्थिक अवस्था कमजोर रहेको र पढाई पनि धेरै नभएको कारणले गर्दा हो । परिवारमा पनि श्रीमानको मृत्यु पश्चात घरको अवस्था झन्-झन् बिग्रदै गएकोले सासु ससुराले सधै गाली मात्र गर्ने, मेरो छोरलाई खाईस भन्ने जस्ता नराम्रा व्यवहार गर्थे । पछि आफैले कमाउनु पर्छ भन्ने लागेर यो व्यवसाय गर्न थाले । पैसा कमाएर घरमा पठाउन थालेपछि अहिले सासु ससुराले नराम्रो व्यवहार गनुहुन्न । कमाउने भएपछि पारिवारिक सम्बन्ध पनि आफै सुमधुर हुँदै आएको छ । प्रस्तुत अध्ययनमा डोके फलफुल व्यवसाय गर्नु भन्दा अगाडी महिलालाई घर परिवारले व्यवसाय नगर्न दबाव दिए पनि पछि आम्दानी राम्रो भएको देखेर साथ र सहयोग गरेको पाइयो । डोके फलफुल व्यवसाय पश्चात् घर परिवारले पनि छोरालाई घर व्यवहार चलाउन सहज भएकाले बुहारीलाई यही व्यवसाय गर्न छुट दिएको पाइयो । आफ्नो बुहारीले गरेको कामको प्रशंसा गरी गाउँमा अन्य व्यक्तिलाई पनि यही काम गर्ने हौसला दिने गरेको पाइयो ।

**वैयक्तिक अध्ययन - ५**

*मेरो नाम ज्योति क्षेत्री (नाम परिवर्तन) हो । मेरो जन्म कास्की जिल्लाको पुम्दीभुम्दीमा भएको हो । मैले एस.एल.सी पास गरेकी छु । यो भन्दा अगाडि पढ्नको लागि घरको आर्थिक अवस्था कमजोर भएका कारण असक्षम भएपछि मेरो विवाह भयो । विवाह पश्चात् श्रीमानसँगै पोखरा बजारमा बस्न थाले । मेरा १ छोरा र १ छोरी छन् । छोराछोरी हुर्किएकाले आफूले पनि कमाउनु पर्छ भन्ने सोच राखी डोके फलफूल व्यवसाय शुरु गरे । यो व्यवसायलाई विगत २ वर्ष देखि निरन्तरता दिँदै आएकी छु । माइतिमा आमाले लगाउनु भएको काक्रो बेचेर यस व्यापारको शुरुवात गरे । काक्रोबाट आएको फाइदाले अन्य फलफूल खरिद गरी बिक्रि गर्न थाले । हातको अवस्थामा यो व्यापारबाट महिनाको २०,००० जति कमाई हुन्छ । मैले कमाएको पैसा छोराछोरी पढाउने अन्य घर खर्चमा जान्छ । श्रीमानले कमाएको पैसा बचत गर्दछौँ । म फलफूल व्यापार गर्न हिँड्दा छोराछोरी घरमा बस्छन् । छोराछोरीबाट कुनै प्रकारको रोकावट छैन श्रीमानले पनि ड्राइभर काम गर्नुहुन्छ । मलाई मेरो व्यवसायमा पनि सहयोग गर्नुहुन्छ । मण्डीमा गएर फलफूल ल्याइदिने, घरको काममा सघाउने, छोराछोरीको हेरचाहमा सहयोग गर्नुहुन्छ । घरमा गर्नुपर्ने सबै व्यवहारिक कामको छिनोफानो दुवै जना मिलेर गर्छौँ । कमाउने भए पछि समाजमा अन्य व्यक्तिले हेर्ने दृष्टिकोणमा पनि परिवर्तन भएको छ ।*

प्रस्तुत अध्ययन अनुसार महिलाको विवाह सानै उमेरमा भएको र पढाई पनि पुरा गर्न नपाएको अवस्था रहेको छ । घरको आर्थिक अवस्था कमजोर रहेका कारण विवाह पछि छोराछोरी जन्माउने र हुर्कउने काममा व्यस्त रहेको देख्न सकिन्छ । छोराछोरी हुर्किएर विद्यालय जाने भएपछि घरको आर्थिक अवस्था पनि कमजोर भएका कारण केही व्यवसाय गर्नुपर्छ भन्ने सोच राखेर महिलाले माइतिमा आमाले लगाउनु भएको काक्रो बेचेर व्यवसायको सुरुवात गरेकी छन् । डोके फलफूल व्यवसाय बाटै महिनामा २०,००० कमाई हुने गर्दछ । कमाई भएको रकम घरखर्च गर्ने र बेचेको केहि रकम अनिवार्य रुपमा बैंक तथा वित्तिय संस्थामा जम्मा गर्ने गरेको पाइन्छ । यो व्यवसाय गर्न श्रीमानले पनि धेरै सहयोग गरेका छन्, जस्तै : मण्डी गएर फलफूल ल्याई दिने, छोराछोरीलाई विद्यालय पुऱ्याउने जस्ता कार्य आदी । कमाउने भएपछि समाजका अन्य व्यक्तिले हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको छ ।

# अध्याय : छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत अध्ययनमा डोके फलफूल व्यवसायले महिलाको आर्थिक स्तर र पारिवारिक सम्बन्धमा ल्याएको परिवर्तन बारे पोखरा महानगरपालिका वडा नं. ९ पृथ्वीचोक बजारमा व्यवसाय गर्ने महिलाहरुको बारेमा अध्ययन गरिएको छ । अध्ययनको उद्देश्यलाई पुरा गर्नको लागी विभिन्न विषय वस्तुको उठान गरिएको छ । उपलब्ध भएका तथ्यांकलाई पनि संकलन गरिएको छ र संकलित तथ्यांकलाई विभिन्न अध्यायमा प्रस्तुत गर्दै यस अन्तिम अध्यायमा शोध अध्ययनको सारांश र निष्कर्ष उल्लेख गरिएको छ ।

यस शोधपत्र तयार गर्न अन्तरवार्ता अनुसूची, प्रत्यक्ष अवलोकन र वैयक्तिक अध्ययनबाट प्राथमिक तथ्यांक संकलन गरिएको छ भने पृथ्वीनारायण क्याम्पस पुस्तकालय, विभिन्न लेख, किताब, जर्नल आदि बाट प्राप्त तथ्यांकलाई द्धितिय तथ्यांक स्रोतका रुपमा प्रयोग गरिएको छ । पहिला अनुसन्धान भएका महिला व्यवसायी सम्बन्धि अनुसन्धानहरुमा साहित्य समिक्षा गरिएको छ भने लैङ्गिक अवधारणा र आर्थिक सिद्धान्तले सैद्धान्तिक सिमक्षा गरिएको छ । प्रस्तुत अध्ययनमा महिला व्यवसायीको आर्थिक स्तरमा आएको परिवर्तन र पारिवारिक सम्बन्धमा आएको परिवर्तनको बारेमा अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा Theretical Saturation अवधारणको प्रयोग गरि अध्ययनको उद्देश्य अनुरुप तथ्यांक संकलन गर्ने प्रक्रियामा १२ जना महिला व्यवसायिको अर्न्तवार्ता लिइएको छ ।

प्रस्तुत अध्ययनमा डाके फलफूल व्यवसायि महिलाहरुको व्यवसाय पश्चात पारिवारिक सम्बन्धमा र आर्थिक स्तरमा कस्तो प्रभाव पारेको छ भन्ने बारे जानकारी लिने कोसिस गरिएको छ । यस व्यवसायमा लाग्नुको कारण व्यवसायबाट भएको आम्दानी तथा बचतको अवस्था, लगानी र खर्चको विवरण साथै व्यवसायी महिला माथि पारिवारले हेर्ने दृष्टिकोण, निर्णय प्रकृयामा भूमिका, पारिवारिक जिम्मेवारी तथा परिवार सँगको सम्बन्धको बारेमा उल्लेख गरिएको छ ।

## मुख्य प्राप्तीहरु

- प्रस्तुत अध्ययनको लागि Theretical Saturtion विधिद्धारा १२ जना व्यवसायी महिलाहरुको बारेमा अध्ययन गरि तथ्याङ्क संकलन गरिएको छ ।
- व्यवसायमा आबद्ध भएपछि महिलाहरुले आम्दानी गरेको रकम बैक तथा वित्तिय संस्थामा जम्मा गर्ने गरेको पाइयो ।
- व्यवसायमा आबद्ध महिलाहरुले आफुले आर्जन गरेको रकमले घर खर्च गर्ने, छोराछोरी पढाउने कार्यमा खर्च गरेको पाइयो ।
- आफूले आम्दानी गरेको रकम, श्रीमान्ले आम्दानी गरेको रकम र केही पैसा ऋण गरेर घर बनाउने तथा गाँउमा खेतबारी किनेको पाइयो ।
- महिलाहरु यस व्यवसायमा लाग्नुको प्रमुख कारण आर्थिक अवस्था कमजोर भएको र थोरै लगानीमा पनि डोके फलफुल व्यवसाय गर्न सक्ने भएकाले यस व्यवसायमा संलग्न रहेको पाइयो ।
- महिलाहरुलाई व्यवसाय गर्नु अघि र व्यवसाय गरे पछि परिवारले गर्ने व्यवहारमा सकारात्मक परिवर्तन आएको र पहिला घरायसी कार्यको मुल्याङ्कन नगरेपछि अहिले व्यवसाय गरेपछि महिलाहरुलाई घरायसी कार्यमा सहभागी गराएको पाइयो ।
- व्यवसायी महिलाको व्यवसाय पश्चात घरायसी निर्णय लिने प्रक्रियामा महिलाहरुका कुरा घर परिवारले सुन्ने गरेको पाइयो ।
- महिलाहरुले घरपरिवार प्रति आफुले गर्नुपर्ने जिम्मेवारी छोराछोरीको हेरचाह, घर व्यवहारका कार्य, निर्णय लिने कार्यलाई पुरा गरी व्यवसाय गर्न हिडेको पाइयो ।
- व्यवसायमा आबद्ध महिलाहरुको परिवारसँगको सम्बन्ध सुधार हुदै आएको पाइयो । पहिला हेप्ने, घरायसी कामको मूल्यांकन नभए पनि व्यवसाय गरेपछि परिवारले सम्मान पूर्ण व्यवहार गर्ने गरेको पाइयो ।
- व्यवसायमा संलग्न भएपछि महिलाहरुको आर्थिक र पारिवारिक सम्बन्धमा आएको परिवर्तनमा सकारात्मक सुधार आएको पाइयो ।
- व्यवसाय गर्दा समस्या आएको बेला श्रीमान्ले र घर परिवारले समस्या समाधान गर्न सहयोग गरेको पाइयो । बिरामी भएर घरखर्च चलाउन गाह्रो भएको बेला अन्य व्यक्तिहरुले घरखर्चका लागि पैसा ऋण दिने गरेको पाइयो ।

## ६.२ निष्कर्ष

प्रस्तुत अध्यायबाट यो निष्कर्ष निकाल्न सकिन्छ कि यस अध्ययनमा समावेश भएका महिलाहरु डोके फलफूल व्यवसायमा आबद्ध भएपछि तिनिहरुको आर्थिक स्तरमा सुधार भएको, परिवारले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको, सामाजिक सद्भावका साथै घर व्यवहार सञ्चालन गर्न र सानोतिनो आर्थिक क्रियाकलापमा संलग्न हुने गरेको देखिन्छ । डोके फलफूल व्यवसायमा आबद्ध भइसकेपछि महिलाहरुमा कुनै न कुनै आर्थिक सम्बन्धि कुरामा अगाडि रहेको व्यवहार गर्ने आँट आएको, बचत गर्ने बानीको विकास भएको, परिवारमा पहिला डराउने आफ्नो भनाइ राख्न नसक्ने भएपनि व्यवसाय पश्चात आफ्नो भनाइ राख्न सक्ने आत्मबलको बृद्धि भएको सँगै स-साना घरायसी समस्याको समाधान गर्न सक्षम भएको पाइयो । सो कुराको पुष्टि हुन्छ कि महिलाहरु डोके फलफूल व्यवसायमा आबद्ध भएपछि आर्थिक समस्याहरु कम हुँदै गएको र पारिवारिक निर्णय प्रक्रियामा सक्रिय रहेको पाइयो । साथै घर बनाउन खेत किन्न पनि श्रीमान्लाई सहयोग गरेको पाइयो ।

यस अध्ययन क्षेत्रमा आबद्ध महिलाहरुको शैक्षिक स्तर हेर्ने हो भने कोही निराक्षर र कोही माध्यामिक शिक्षा मात्र हासिल गरेको पाइयो । आर्थिक स्थिती पनि कमजोर रहेको कारण र थोरै लगानीमा पनि यो व्यवसाय गर्न सकिने हुनाले यहि व्यवसाय अपनाएको पाइयो । व्यवसायि महिलाहरुमा व्यवसाय बाट सन्तुष्ट रहेको पाइयो जसका कारण महिलाहरुको आर्थिक अवस्थामा परिवर्तन भएको पाइयो । यस व्यवसाय बाट भएको आम्दानीले जीविकोपार्जन गर्न सहज भएको पाइयो र महिलाहरुको बचत गर्ने बानीको पनि विकास भएको पाइयो । यस व्यवसायमा आबद्ध केही महिलाले आफूले गरेको आम्दानि, श्रीमानले गरेको आम्दानि र केहि ऋृण गरेर घर बनाउने, गाँउमा खेत किन्ने गरेको पाइयो । हाल यस व्यवसायमा संलग्न महिलालाई समाज र परिवारको अन्य सदस्यले हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन आएको पाइयो । यस व्यवसाय गर्न विभिन्न समस्याहरु पनि महिलाहरुले भ्mेल्ने गरेको पाइयो जस्तै चर्को घाममा काम गर्नु पर्ने, धुवा धुलोले असर गर्ने, पानी पर्दा व्यापार गर्न कठिनाई हुने गरेको पाइयो । व्यापार गर्न हिड्दा सटरमा व्यापार गर्ने व्यापारिहरुले उनीहरुलाई नराम्रो व्यवहार गर्ने व्यापार गर्ने आफ्नो पसल वरिपरि बस्न नदिने गरेको पनि देख्न सकिन्छ । नगर प्रहरीले सास्ती दिने गरेको पनि देख्न सकिन्छ । फलफुल फालिदिने, ढक तराजु नै खोसिदिने, पैसा माग्ने जस्ता कार्यहरु गरेको पनि देखिन्छ । यस्ता समस्याको समाधान गर्दै महिलाहरुले आफ्नो व्यवसायलाई निरन्तरता दिदै आएका छन् र आफ्नो पेशा प्रति सन्तुष्ट नै रहेको पाइयो ।

# सन्दर्भ सामग्री


आचार्य, बलराम (२०६२), *सामाजिक अध्ययन,* काठमाण्डौं : दिक्षान्त पुस्तक प्रकाशन ।

उपाध्याय, महालक्ष्मी (२०७३), *नेपालको अर्थतन्त्रमा महिला सहभागिता,* अन्नपूर्ण पोष्ट, अंक ३ ।

गौतम, मीना कुमारी (२०६९), *माछापुच्छ्रे गा.वि.स कास्कीमा तरकारी उत्पादनले महिलाको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, समाजशास्त्र, मानवशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस, पोखरा ।

ढकाल, श्रीराम (२०७०), *शिशुवा महिला बचत तथा ऋण सहकारी संस्थामा आबद्ध महिलाहरुको आर्थिक अवस्थामा आएको परिवर्तन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र, मानवशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस, पोखरा ।

पहारी, सरस्वती (२०६९), *कृषि उपज कारोबारमा लैङ्गिक सहभागिताको समाजशास्त्रीय विश्लेषण,* अप्रकाशित शोधपत्र, समाजशास्त्र, मानवशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस, पोखरा ।

पौड्याल, ज्ञानु (२०७५), *महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरणमा लगानी,* बानेश्वर काठमाण्डौ, www.jantapati.com.

बराल, देवराज (२०७१), *व्यवसायिक तरकारी उत्पादनले महिलाको जीवनस्तरमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, समाजशास्त्र, मानवशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस, पोखरा ।

भासिन, कमला (२००३), *पितृसत्ता के हो ?* न्यु दिल्ली : काली फर विमन ।

महिला जागरण तथा विकास केन्द्र (२०६२), *महिला सशक्तिकरणका लागी कानूनी अधिकार* काठमाण्डौ नेपाल ।

राष्ट्रिय महिला आयोग (२०७०), *नेपालमा महिलाको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्था : एक अध्ययन,* भद्रकाली प्लाजा, काठमाण्डौं ।

विश्वकर्मा, पुनम (२०७४), *काठमाण्डौ उपत्यकाका महिला टेम्पो चालकहरुको पेशा प्रतिको सन्तुष्टि र चुनौती,* अप्रकाशित शोधपत्र समाजशास्त्र, मानवशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस, पोखरा ।

सिंह, शारदा (२०११), *सामाजिक-आर्थिक विकासमा महिलाको भूमिका,* अनुसन्धान महाशाखा, त्रिभुवन विश्वविद्यालय किर्तिपुर, नेपाल ।

Acharya, M. (2006). Goal 3 : Promote gender equality and empower women. achieving millennium development goals. *Challenges For Nepal, 15*, 48-69 .

Acharya, U. P. (2012). Status of women in nepal : a critical analysis of transformational trajectories. *Nepalese Journal of Development and Rural Studies*, Volume 17.

Anand, T. (2011). *Women street vendors particularly vulnerable during lockdown*, https//cjp.org.in.

Awasthi, J. (2021). *Lives vs livelihood.* New Delhi: The Story of Women Street Vendors.

Business World (2016). *Women as street vendors : why and how* ?

Deprose Nepal (2010). *Socio-economic empowerment of microfinance on women.* https://deprosc.org.np.

Johnson, D. P. (2008). *Contemporary sociological theory : An Inetergrated multi-level Approach,* Texas: Springer Publication.

K.C., U. (2012). *Nepali Women Find Economic Independence as Street Vendors,* Kathmandu: Global Press Style guide.

Lengemann, P. M. & Branthey, J. N. (2000). *Contemporary feminist theory. In G. Ritzar, sociological theory.* New York: Mc Graw Hill.

Nixon, C. (2013). *Nepali Women can reclaim their voice through financial independence,* https//www.clevex.com.

Randall, C. (1997). *Theretical Sociology*, Jaipur, India.

Saulnier, C. F. (1996). *Feminist theories and social work : Approaches and applications* (1st ed.). New York: Binghamton Haworth.

Sharma, B. & Verma R. (2010). Socioeonomic status of nepalsese employed women in institutional sector : A sociaological study of Dharan Sub-metropolitancity. *Dristikon*, *11*(1), 25-42.

Van, D. & Bargh, N. (1995). *Feminist practice in the 21st century*. Washington DC: NASW Press.

# अनुसूची १

## व्यवसायी महिलाका लागि अन्तरवार्ता अनुसूची

१. तपाईको नाम के हो ? कहाँ जन्मनु भयो ?

२. डोके फलफुल व्यवसाय सुरु गर्नु भएको कति भयो ?

३. कसरी सुरु गर्नुभयो ? शुरुवातको बेलाका केही कुराहरु बताइदिनु हुन्छ की ? कति पैसाले सुरु गर्नु भयो ? लगानी कसरी जुटाउनु भयो ?

४. आम्दानी कति हुन्छ ? सो आम्दानी के मा खर्च गर्ने गर्नु भएको छ ?

५. आम्दानी बचत गर्ने गर्नु भएको छ वा छैन ?

६. व्यवसाय गर्न घर परिवारबाट के कस्ता सहयोग भएको छ ?

७. तपाई यहाँ आउँदा घरको काम कसले गर्छ,बच्चाबच्चीको स्याहार,हेरविचार कसले गर्छ ?

८ घरमा कमाउने अरु कोही छ की ? या तपाईको कमाईले घर खर्च चलेको छ ?

९. तपाईले आम्दानी गर्न सुरु गरे पछाडी परिवारका अन्यसँगको सम्बन्ध कस्तो रहेको छ ? व्यवसाय सुरु गर्नु अगाडी र पछाडी के फरक पाउनु भएको छ ?

१०. घरायसी कार्यमा कुनै निर्णय गर्दा कसरी गर्ने गर्नुभएको छ ?

११. के तपाइले भने अनुसारको निर्णयहरु हुन्छन् ?

१२. निर्णय प्रक्रियामा को निर्णायक भएको जस्तो लाग्छ ?

१३. तपाइले आम्दानी गर्न थालेपछि क तपाइका कुराहरु सुनिन् थालेका छन् ?

१४. के तपाई आफ्ना कुराहरु भन्न सक्ने आत्मविश्वास जागेको छ ? व्यवसाय गर्नु भन्दा अगाडी र पछाडी केही फरक पाउनु भएको छ ?

१५. डोके फलफूल व्यवसाय गर्दा के कस्ता समस्या भोग्नु भएको छ ? के तपाईको समस्या समाधान गर्न परिवारका अन्य सदस्यहरुले सहयोग गर्छन् ?